# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक ६९ | काठमाडौं | आइतबार, १६ असार २०८१ | Prabhab National Daily | Sunday, June 30, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## महाधिवेशनको महासंग्राममा एकीकृत समाजवादी

- एक हजार ८४९ जना प्रतिनिधि महाधिवेशनमा सहभागी हुने
- प्रतिनिधिले २९९ सदस्यीय कार्यसमिति तथा २१ पदाधिकारीको चयन गर्ने
- अध्यक्षमा नेपाल, खनाल र भुसालको दाबी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नेकपा एकीकृत समाजवादीको १०औं महाधिवेशन आजबाट सुरु हुँदै छ। २० गतेसम्म नेपाल प्रज्ञा प्रतिष्ठान कमलादीमा हुने महाधिवेशनमा राजनीतिक प्रतिवेदन, समाजवादी कार्यक्रम, विधानसम्बन्धी र सांगठनिक प्रतिवेदनमाथि छलफल हुने जानकारी दिइएको छ । यही महाधिवेशनले पार्टीको नयाँ नेतृत्व चयन गर्ने छ ।

पार्टी अध्यक्ष एवं पूर्वप्रधानमन्त्री माधवकुमार नेपालले महाधिवेशनमा प्रस्तुत गरिने आवश्यक दस्तावेज तयार भइसकेको शनिबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिएका छन् । उनका अनुसार ती दस्तावेज कम्युनिस्ट पार्टीको इतिहासमा नयाँ र जनअधिकारको पक्षमा महत्त्वपूर्ण हुने छ ।

उनले महाविधेशन एकताबद्ध भएर सम्पन्न गर्ने बताए । 'हामीले महाधिवेशनलाई एकताबद्ध भएर सम्पन्न गर्ने संकल्प गरेका छौं। नेता, कार्यकर्ताहरू त्यही दिशामा अघि बढिरहनुभएको छ,' अध्यक्ष नेपालले भने । उक्त पार्टीका सम्मानित नेता झलनाथ खनालले महाधिवेशनबाट पारित हुने वैचारिक दृष्टिकोण तथा कार्यक्रमका आधारमा नेतृत्व चयन गरिने जानकारी दिए । यदि त्यसो नभए लोकतान्त्रिक पद्धतिबाट प्रक्रिया अगाडि बढाउनुपर्ने उनको भनाइ छ ।

'हामीले आउने महाधिवेशनबाट निर्माण गरेको नेतृत्व सर्वसम्मत हुनेगरी निर्माण गरौं। त्यो सर्वसम्मत नेतृत्वले सिंगो समाजवादलाई ठीक दिशातिर अघि बढाउँछ,' उनले भने, 'तर, केही गर्दा भएन, हाम्रो बीचमा केही गर्दा पनि मिलेन, मिल्दै नमिलेपछि हामीले लोकतन्त्रको बाटो लिनुपर्छ कि पर्दैन ?'

महाधिवेशनमा एक हजार ८४९ प्रतिनिधिले भाग लिने छन् । ती प्रतिनिधिले २९९ सदस्यीय कार्यसमिति तथा २१ पदाधिकारीको चयन गर्ने छ। महाधिवेशनको उद्घाटन पार्टी अध्यक्ष नेपालले गर्ने छन् । पार्टी प्रतिनिधिहरू शनिबार साँझसम्ममा काठमाडौं आइपुगेको प्रवक्ता जगन्नाथ खतिवडाले जानकारी दिए । उनीहरूका लागि आवासको व्यवस्था मिलाइएको छ । महाधिवेशनस्थलमै खानाको व्यवस्था पनि छ ।

महाधिवेशनमा अध्यक्षको मुख्य दाबेदार अध्यक्ष नेपालसँगै महासचिव घनश्याम भुसाल हुन् । सम्मानित नेता खनालले पनि अध्यक्षमा दाबी रहेको बताएका छन् । तर, उनले भुसाललाई अध्यक्षमा समर्थन गर्ने र आफू 'ब्याक' हुने रणनीति बनाएको बुझिन्छ । यदि, पार्टीमा सर्वसम्मत भए अध्यक्ष हुने चाहना खनालको छ ।

(क्रमशः पृष्ठ २ मा)

## रथी सिग्देललाई उमेर विवादमा उन्मुक्ति दिने खेल


- प्रधानसेनापतिको रोलक्रममा रहेका रथी अशोकराज सिग्देलको जन्ममिति तीनवटा
- सिग्देलको उमेर विवादबारे संसद्, जंगी अड्डा, रक्षा र अख्तियारमा उजुरी, तर भएन छानबिन
- उमेर विवादमा उन्मुक्ति पाए सिग्देल देशको ४५औं प्रधानसेनापति बन्ने

■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रधानसेनापति प्रभुराम शर्माको उत्तराधिकारीको रूपमा रहेका रथी अशोकराज सिग्देल उमेर विवादमा मुछिएका छन् । उनको उमेर विवादमा यदि सरकारले आँखा चिम्लियो भने उनी मुलुकको ४५औं प्रधानसेनापति हुने छन् ।

बहालवाला प्रधानसेनापति शर्मा २४ भदौपछि अनिवार्य अवकाशमा जाने छन् । सैनिक कानुनअनुसार एक महिनाअघि बिदा बस्नुपर्ने प्रचलन छ । त्यस आधारमा शर्मा २४ साउनदेखि बिदामा बस्नुपर्ने हुन्छ । त्यस्तो अवस्थामा विवादित रथी सिग्देललाई कायममुकायम प्रधानसेनापति बनाउँछ कि बनाउँदैन ? भन्ने आमचासोको विषय बनेको छ । यदि कायममुकाम प्रधानसेनापति बनाए उनलाई २५ भदौपछि प्रधानसेनापति बनाउनसक्ने टिप्पणी हुँदै आएको छ ।

जबकि उनीविरुद्ध प्रतिनिधिसभामासमेत प्रश्न उठिसकेको छ । आम जनता पार्टीका अध्यक्षसमेत रहेका सांसद प्रभु साहले रथी सिग्देलको उमेर विवादको सम्बन्धमा रक्षामन्त्री हरि उप्रेती र प्रधानसेनापति प्रभुराम शर्मासँग जवाफ मागेका छन् ।



उनले नेपाली सेनाको छवि निष्कलंकित, निर्विवादित र उदाहरणीय हुनुपर्ने भए पनि रथीको उमेर विवादले नेपाली सेनाको छविमाथि आँच पुऱ्याएको बताए । यसरी रथीमाथि प्रश्न उठ्दा प्रधानसेनापति शर्मा र रक्षामन्त्री उप्रेती चुप लागेर बस्न नमिल्ने पनि बताए ।

'हामी जान्न चाहन्छौं । माननीय रक्षामन्त्रीको जवाफ चाहन्छौं ।

यसरी देशको सम्मानित संस्थाको नेतृत्वमाथि यसरी प्रश्न उठिराख्दा तपाईं चुप लाग्न मिल्दैन,' उनले शुक्रबार संसद् बैठकमा भने, 'समाचारको कुरा सुन्ने हो भने प्रधानसेनापतिले अशोकराज सिग्देलको बारेमा संसदीय समितिको सुनुवाइमा उहाँले जो कुरा बोलिराख्नुभएको थियो आज पत्रपत्रिकाले पूरै प्रमाणसहित खण्डन गरिराख्दा सेनापतिजीले केही बोल्नुपर्छ कि पर्दैन ? सेनापतिको नैतिक जिम्मेवारी हुनुपर्छ कि पर्दैन ?'

गत १८ मंसिरमा सिग्देललाई रथीमा बढुवा गर्न जंगी अड्डाले सिफारिस गरेको थियो । २७ मंसिरमा उनलाई रथीमा बढुवा गर्ने निर्णय मन्त्रिपरिषद् बैठकले गऱ्यो । बढुवा सिफारिस गर्ने प्रधानसेनापति शर्मा नै हुन् । जसआधारमा सिग्देलको प्रधानसेनापति बन्ने बाटो खुलेको हो ।

क्रमशः पृष्ठ २ मा)

### नागरिकता प्रकरणमै कर्णेल बर्खास्त

नागरिकता र शैक्षिक प्रमाणपत्रमा उजुरी परेको भन्दै नेपाली सेनाले महासेनानी दिरेन्द्रकुमार मल्ललाई जेठको तेस्रो साता कस्टडीमा राखेकोमा सैनिक अदालतले दोषी ठहर गर्दै पदबाट बर्खास्त गरिसकेको छ । उनलाई ५ असारमा अदालतले बर्खास्त गरेको हो । अमेरिकाको न्युयोर्कस्थित राष्ट्रसंघका लागि नेपाली नियोगमा सैनिक सल्लाहकार पदमा कार्यरत मल्ललाई प्रधानसेनापति प्रभुराम शर्माको निर्देशनमा नागरिकता र शैक्षिक प्रमाणपत्रसम्बन्धी प्रश्न उठेको भन्दै नेपाल फिर्ता बोलाइएको थियो । अन्ततः उनी दोषी ठहरिएर बर्खास्त भइसकेका छन् ।

तर, नागरिकतामै प्रश्न उठ्दा पनि रथी सिग्देललाई भने प्रधानसेनापति शर्माले उन्मुक्ति दिएका छन् । उनलाई कस्टडीमा राखेर सैनिक अदालतमा मुद्दा चलाउन शर्माले चाहेका छैनन् । यस आधारमा सिग्देललाई प्रधानसेनापति शर्माकै इन्ट्रेटमा नागरिकताको सवालमा विवादित छँदाछँदै पनि प्रधानसेनापतिको रोलक्रममा ल्याइएको टिप्पणी हुने गरेको छ ।

**सन्दर्भ: वैदेशिक रोजगार**

## म्यानपावरमार्फत रोजगारीका लागि विदेसिने तीन लाख ३५ हजार नाघ्यो

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** चालु आर्थिक वर्षमा म्यानपावर कम्पनीमार्फत तीन लाख ३५ हजार ९९७ नेपाली वैदेशिक रोजगारीका लागि विभिन्न मुलुक गएको तथ्यांक सार्वजनिक भएको छ । वैदेशिक रोजगार विभागले यही असार १२ गतेसम्मको तथ्यांक सार्वजनिक गर्दै उक्त जानकारी दिएको हो । उनीहरूलाई ९२२ वटा म्यानपावर कम्पनीले विभिन्न मुलुकमा पठाएका हुन् ।

यसरी वैदेशिक रोजगारीमा गएकामध्ये दुई लाख ९९ हजार ८३३ पुरुष र ३६ हजार १४६ महिला रहेको विभागले उल्लेख गरेको छ । विभागले व्यक्तिगत तथा पुनः श्रम स्वीकृति लिएर विदेश गएका कामदारको संख्या भने यसमा समावेश गरिएको छैन ।




विभागले सार्वजनिक गरेको विवरणअनुसार एउटा म्यानपावरले झण्डै एक वर्षको अवधिमा एक जनादेखि सात हजारभन्दा बढी कामदारलाई रोजगारीका लागि विदेश पठाएका छन् । एकदेखि १० जना कामदार पठाउने म्यानपावरको संख्या ३८ रहेको छ भने ७७ वटाले एक हजारभन्दा बढी कामदार पठाएका छन् । एक जनामात्रै कामदार पठाउने म्यानपावर पाँचवटा रहेका छन् ।

चालु आवको अन्तिम महिना अर्थात् असारको दोस्रो हप्तासम्म नील कमल हयुमन रिसोर्स प्रालिले सबैभन्दा बढी कामदार विदेश पठाएको छ । यस कम्पनीमार्फत सात हजार १३ जना नेपाली वैदेशिक रोजगारीमा गएका छन् ।

(क्रमशः पृष्ठ २ मा)

## साउनदेखि मागपत्र प्रमाणीकरण अनलाइनबाटै

**काठमाडौं (प्रस)–** आगामी साउन १ गतेदेखि वैदेशिक रोजगार मागपत्रको प्रमाणीकरण अनलाइन प्रणालीबाट हुने भएको छ। उपप्रधान एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले शुक्रबार साँझ विदेशस्थित नेपाली नियोगका प्रमुख तथा कर्मचारीका लागि आयोजित अभिमुखीकरण कार्यक्रममा उक्त जानकारी दिँदै सोहीअनुरूप गर्न निर्देशन दिएका हुन् ।

नयाँ व्यवस्थाअनुसार रोजगारदाता कम्पनीले नेपालबाट कामदार लैजाने नियोगसमक्ष पेस गरेका कागजात साउन १ गतेदेखि अनलाइनबाटै प्रमाणीकरण हुने भएकाले सेवाप्रवाह प्रभावकारी हुने छ । सरकारले वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा यस सेवालाई आबद्ध गरी नयाँ व्यवस्था लागू गर्न लागेको हो । खाडीमुलुक एवं मलेसियालगायत नेपाली कामदार माग हुने अन्य देशमा रहेका नेपाली राजदूतावासले साउन १ गतेदेखि मागपत्र प्रमाणीकरण अनिवार्यरूपमा अनलाइनमार्फत गर्नुपर्ने बताउँदै परराष्ट्रमन्त्री श्रेष्ठले भने, 'सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउने सरकारको नीतिअन्तर्गत यो व्यवस्था लागू गरिएको हो । (क्रमशः पृष्ठ २ मा)

## संघको साधारणसभा भोलि हुने

**काठमाडौं (प्रस)–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको साधारणसभा हुने निश्चित भएको छ । संघले आफ्नो ३२औं स्थापना दिवसको अवसर पारेर भोलि असार १७ गते साधारणसभा गर्ने निर्णय गरेको हो ।

संघले आफ्नो विधान, २०४९ लाई समयसापेक्ष संशोधन र परिमार्जन गर्ने, व्यवसायी भलाइ कोष स्थापना तथा सञ्चालन कार्यविधि पारित गर्ने, गरिएका क्रियाकलाप र भावी योजना उल्लेख गरिएको प्रतिवेदन सार्वजनिक गर्नेलगायतको एजेण्डा साधारणसभामा प्रस्तुत गर्ने जनाएको छ । साधारणसभामा सहभागी हुनका लागि समयमै कम्पनीको प्रतिनिधि विवरण बुझाउन संघले आग्रह गरेको छ । यसका लागि आज (आइतबार)सम्मको समय दिइएको छ ।

यसपटक हुने साधारणसभाले संघको हितका निम्ति महत्त्वपूर्ण र दूरगामी प्रभाव पार्न योगदान दिने संघका महासचिव मेघनाथ भुर्तेलले बताए । '३० वर्षको अन्तरालमा विधान संशोधन तथा परिमार्जन गर्ने महत्त्वपूर्ण कार्य हुँदै छ,' उनले भने, 'मौजुदा विधानमा भएको कार्यसमितिको दुई वर्षे कार्यकाललाई तीन वर्ष बनाउने र संघलाई महासंघको संरचनामा लैजाने तयारी छ ।' तत्कालै प्रादेशिक संरचनामा जाने कुनै योजना नभए पनि संघीय संरचनामा रहने गरी महासंघ बन्ने महासचिव भुर्तेलले बताए ।

संघमा अध्यक्ष हुन कम्तीमा एक कार्यकाल पदाधिकारी भई काम गरेको हुनुपर्ने व्यवस्था छ । उक्त व्यवस्थाका कारण योग्य तथा क्षमतावान व्यवसायीलाई रोक्ने र पूर्वपदाधिकारी व्यवसायीलाई मात्रै अध्यक्षको उम्मेदवार बन्ने अवस्था भएकाले यसलाई पनि परिमार्जन गरी सबै व्यवसायीले प्रतिश्पर्धा गर्न सक्ने गरी विधान संसोधन गर्न लागिएको पनि बुझिएको छ । यसैका लागि व्यवसायीले पटक-पटक आवाजसमेत उठाउँदै आएका छन् । यदि विधान संशोधनको प्रस्ताव पारित भएमा वर्तमान कार्यसमितिले आफ्नो कार्यकालको थप एक वर्ष बढी काम गर्न पाउने छ ।


## नेपाल वैदेशिक रोजगार व्यवसायी संघको सूचना

**आदरणीय व्यवसायीज्युहरू नमस्कार,**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको ३२औं स्थापना दिवस तथा ३०औं बार्षिक साधारणसभा मिति २०८१ असार १७ गते माननीय श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालज्यूको प्रमुख आतिथ्यतमा उद्घाटन हुने कार्यक्रमलाई भव्यरूपमा सफल बनाउन यस संघका सम्पूर्ण सदस्य संस्थाहरूको अमूल्य सहभागिता नै महत्वपूर्ण रहने विषयलाई हृदयङ्गम गर्न बिनम्र अनुरोध गर्दछौं ।

**व्यवसायीको अनिवार्य सहभागिता किन**

- नेपाल वैदेशिक रोजगार व्यवसायी संघको बिधान २०४९ लाई समय सापेक्ष संसोधन परिमार्जन गर्न ।
- व्यवसायिक भलाई कोष स्थापन तथा संचालन कार्यविधि पारित गर्न ।
- कार्यसमितिको तर्फबाट प्रस्तुत गर्ने भावी योजना र संघद्धारा भए गरिएका कार्यहरु उल्लेख गरिएको प्रतिवेदन अनुमोदन गरि पारित गर्न ।
- आ.व. २०७९/०८०को आय-व्ययको बिवरण सहितको वासलात उपर छलफल गरि पारित गर्न ।

लगायतका विविध महत्वपूर्ण विषय उपर छलफल गरि निस्कर्षमा पुग्नुपर्ने हुँदा यस साधारण सभामा भाग लिनका लागि देहाय बमोजिम हुने गरि प्रतिनिधि सिफारिस गरि पठाउनुहुन अनुरोध छ ।

**देहाय**

- कम्पनीको लेटरहेडमा प्रतिनिधि सिफारिसको लिखित आवेदन ।
- सिफारिस प्रतिनिधि अनिवार्य कम्पनीको सेयरधनी हुनुपर्ने ।
- संघमा बाँकी रहेको मासिक शुल्क (लेबी) भुक्तान गर्नुपर्ने ।
- एक संथा एक प्रतिनिधि ।
- प्रतिनिधिको २ प्रति पासपोर्ट साइज फोटो ।
- प्रतिनिधि विवरण मिति २०८१ असार १६ गतेभित्र संघको कार्यालयमा बुझाइसक्नु पर्नेछ ।

**साधारणसभा हुने समय**: बिहानको ८:३० बजे देखि ।
**साधारणसभा हुने स्थान**: अनुपम फुडल्याण्ड बत्तीसपुतली, काठमाडौं ।
**धन्यबाद ।**

**मेघनाथ भुर्तेल**
**महासचिव**

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
तिलगंगा-८, काठमाडौं, फोन नं. ०१- ४५८०८६९/४५२४४१८ । ९८०१०८७८८२

पृष्ठ १ बाट क्रमशः

## रथी सिग्देललाई...

नेपाली सेनाका एक उच्चअधिकारीका अनुसार सिग्देल उपरथी पदमा कार्यरत रहँदा एक वर्षअघि नै ५७ वर्ष उमेरहदका कारण अनिवार्य अवकाश गइसक्नुपर्ने थियो । किनभने उनको हाल क्रियाशील नागरिकताअनुसारको जन्म मिति २०२३ साउन २९ गते हो । यो नागरिकतालाई जिल्ला प्रशासन कार्यालय जाजरकोटले ३ जेठ २०८१ मा प्रतिलिपि प्रमाणित गरेको हो । उक्त नागरिकताको जारी मिति २०४० साउन २९ हो । त्यहाँ जन्ममिति १७ वर्ष प्रमाणित गरिएको छ ।

वास्तविक जन्ममिति १९ चैत २०२१ भएका सिग्देलको शैक्षिक योग्यताको प्रमाणपत्र र नागरिकताको प्रमाणपत्रमा जन्ममिति १९ माघ २०२३ रहेको जंगी अड्डा स्रोतले जनाएको छ । उनीविरुद्ध जंगी अड्का र रक्षा मन्त्रालयमा यसअघि नै उजुरी परिसकेको छ ।

उजुरीमा २०३९ सालको एसएलसीको प्रमाणपत्र, २०४० सालमा सुपिङ क्याम्पसमा भर्ना हुँदाको अभिलेख र त्रिभुवन विश्वविद्यालयको अभिलेखमा सिग्देलको जन्ममिति १९ चैत २०२१ रहेको उल्लेख छ । जिल्ला प्रशासन कार्यालय रूपन्देहीबाट ९ असोज २०४० मा लिएको नागरिकताको प्रमाणपत्रमा उमेर '१९ वर्ष' र ढड्डामा '२०२१ साल' उल्लेख छ ।

उनले ८ जेठ २०५८ मा जिल्ला प्रशासन कार्यालय जाजरकोटबाट नागरिकताको प्रतिलिपि लिँदा किर्ते गरेको स्रोतको दाबी छ । तर, त्रिभुवन विश्वविद्यालयको चलानी नम्बर १४६७ मा भने सिग्देलले निवेदन दिएपछि ३१ साउन २०४३ मा जन्ममिति परिवर्तन गरिएको भनिएको छ । र, ३० साउन २०७६ मा भने त्रिभुवन विश्वविद्यालयको अभिलेखमा उल्लिखित जन्ममिति १९ चैत २०२१ लाई केरमेट गरी १९ माघ २०२३ लेखिएको यसअघि नै सार्वजनिक भइसकेको छ ।

तर, हालसम्म सिग्देलमाथि छानबिन भएकै छैन । जबकि, यसअघि नागरिकताको प्रमाणपत्र किर्ते गरेको विवादपछि प्रधानसेनापतिको रोलक्रममा रहेका रथी ताराध्वज पाण्डेले गत वर्षको २४ कात्तिकमा पदबाट राजीनामा दिएका थिए । उसो त पाण्डेको पनि जन्ममिति विवादमा आउँदा जंगी अड्डाले प्रतिरक्षा गर्दै विज्ञप्ति जारी गरेको थियो । यद्यपि, पाण्डे आफैंले विवादित भएपछि राजीनामा दिएका थिए ।

अहिले रथी रहेका सिग्देल भने मौन छन् । वास्तविक जन्म मितिका आधारमा भने उनी उपरथीबाट चार महिनाअघि नै अनिवार्य अवकाश पाइसक्नुपर्ने सैन्य अधिकारी हुन् ।

पछिल्लो नागरिकताको रेकर्डअनुसार उनी आउने २९ साउनमा ५८ वर्ष पूरा भई ५९ वर्षमा प्रवेश गर्ने छन् । रथीको अनिवार्य अवकाशको उमेर हद ५८ वर्ष हो । यस आधारमा रथी सिग्देलले आउँदो साउन २९ गतेपछि अनिवार्य अवकाश पाउनुपर्ने भएता पनि भावी प्रधानसेनापतिको उम्मेदवार भनेर प्रचारबाजी गरिएको छ ।

यसरी रथी सिग्देलको उमेर विवाद गञ्जागोलपूर्ण छ । तर, यस्तो भएमा के गर्ने भन्नेबारे सैनिक सेवा नियमावली २०६९ ले प्रस्ट व्यवस्था छ । जहाँ सैनिक व्यक्तिको उमेर गणना गर्दा वैयक्तिक विवरण नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यता प्रमाणपत्रमा जन्ममिति वर्ष, महिना र गतेसमेत खुलेको र सबैमा एउटै मिति नरहेको भएमा जुन मितिबाट पहिले अवकाश हुन्छ, सोही मितिबाट अवकाश दिइने छ, भनिएको छ ।

नियमावलीले कुनै प्रमाणपत्रमा वर्षमात्र उल्लेख भएको र अर्को प्रमाणपत्रमा पूरा जन्ममिति खुलेको रहेछ र त्यस्तो जन्ममितिहरूको बीचमा एक वर्षको अन्तर देखिएमा पूरा खुलेको जन्ममितिलाई आधार मान्नुपर्ने व्यवस्था गरेको छ । तर, पनि रथी सिग्देलको हकमा यो नियमवालीअनुसार गणना भएको पाइएको छैन । यहीबीच सिग्देलको नागरिकतामा उमेर विवादबारे ४ पुस २०८० मा बसेको संसद्को राज्य व्यवस्था तथा सुशासन समितिमा प्रसंग उप्केको थियो ।

जुन बैठकमा प्रधानसेनापति शर्माले रथी सिग्देलले आफ्नो उमेर नागरिकता, शैक्षिक प्रमाणपत्रका बारेमा भविष्यमा कुनै विवाद आएमा आफैं जिम्मेवारी लिने भनी स्वघोषणा गरेको पत्र प्रदर्शन गरेका थिए । यसपछि सिग्देलको उमेर विवादबारे छानबिन नै भएको छैन । सिग्देलको उमेर विवादबारे ललितपुरको छम्पी बस्ने नागेश्वर चौधरीको नामबाट गत ९ जेठमा उजुरी पनि परेको छ । उजुरीलाई पनि गुपचुपमा राखिएको छ ।

■■■

## महाधिवेशनको महासंग्राममा...

महाधिवेशनको परिदृश्यले भने अध्यक्षमा निर्वाचन हुने स्थिति देखिएको छ ।

नेपालले एमालेसँग २०७८ सालमा विद्रोह गरेको र आफ्नो नेतृत्वमा भएको विद्रोहलाई महाधिवशेनबाट अनुमोदन गर्नुपर्ने बताएका छन् । त्यसका लागि आफ्नो नेतृत्व निर्विकल्प भन्दै आएका छन् । खनालले भने वैचारिक नेतृत्व र वामपन्थी शक्तिहरूलाई ध्रुवीकरणको दिशामा अघि बढाउन आफू अध्यक्ष हुनुपर्ने मत राख्दै आएका छन् । महासचिव भुसालले सैद्धान्तिक, राजनीतिक र वैचारिक पक्षको नेतृत्व गर्दै पार्टीलाई सुदृढ पार्न अध्यक्षमा दाबी रहेको बताउँदै आएका छन् ।

यसरी तीनजना नेता अध्यक्षमा दाबेदार देखिएपछि महाधिवेशनमा चुनावी भिडन्त हुनसक्ने देखिएको छ । तर, दुई साताअघि जारी अन्तरपार्टी निर्देशन (अपानि)ले भने प्यानल बनाएर चुनाव लड्न रोक लगाएको छ । यसो गर्नुको अर्थ पार्टी नेतृत्व सहमतिकै आधारमा चुन्ने भनिएको हो । प्यानल बनाएर चुनाव लडे पार्टी विभाजन हुन सक्ने चिन्ता नेपाल र खनाललाई छ । सोही कारण सर्वसम्मतिमा नेतृत्व चयनको विषय उठान भएको बताइन्छ ।

■■■

## म्यानपावरमार्फत रोजगारीका...

दोस्रो स्थानमा रहेको एसओएस म्यानपावर सर्भिस प्रालिबाट पाँच हजार ५५५ जना गएका छन् । त्यस्तै तेस्रो स्थानमा परेको एयर किंग्स प्लेसमेन्ट प्रालिले तीन हजार ८३७ जनालाई वैदेशिक रोजगारीमा पठाएको छ । यसैगरी चौथो स्थानमा रहेका प्याराडाइज इन्टरनेसनल प्रालिबाट तीन हजार ६०८ जना गएका छन् भने पाँचौं स्थानमा परेको दि रिभर ओभरसिज प्रालिले तीन हजार ५९७ जना कामदार पठाएको विभागको तथ्यांकले देखाएको छ ।

छैटौंमा रहेको साउण्डलाइन्स रिक्रुटमेन्ट प्रालिबाट तीन हजार ५६०, सातौंमा रहेको इन्टरनेसनल म्यानपावर रिक्रुटमेन्ट प्रालिबाट तीन हजार ५५४, आठौंमा रहेको सपोर्ट हयुमन रिसोर्स प्रालिबाट तीन हजार ३३६, नवौंमा रहेको गल्फ म्यानपावर सर्भिस प्रालिबाट दुई हजार ९२७ र दशौं स्थानमा रहेको एड्भान्स म्यानेजमेन्ट कन्सल्टचान्टस् प्रालिबाट दुई हजार ८९० जना नेपाली रोजगारीका लागि विदेसिएका छन् ।

यसैबीच एक आर्थिक वर्षमा १०० जना कामदार विदेश पठाउन नसक्ने म्यानपावरको नवीकरण नभई खारेजीमा जाने कानुनी व्यवस्था भएकाले २०० भन्दा बढी म्यानपावर संकटमा देखिएका छन् । ती संस्थाहरूको नवीकरणमा सरकारले सहजीकरण गरिदिनुपर्ने व्यवसायीहरूले माग गर्दै आएका छन् । यसअघि पनि सरकारले १०० जना कामदार विदेश पठाउन नसक्ने म्यानपावर कम्पनीलाई नवीकरणको अवसर दिँदैं आएको थियो ।

■■■

## साउनदेखि मागपत्र...

अनिवार्य रूपमा लागू गर्नुअघि नै नयाँ प्रणालीसँग अभ्यस्त हुन आजैदेखि परीक्षण थाल्नु उपयुक्त हुन्छ ।' परराष्ट्रमन्त्री श्रेष्ठले समस्यामा परेका नेपाली नागरिकको खोजतलास, उद्धार, ज्यान गुमाएकाको शव झिकाउने, राहत एवं क्षतिपूर्ति, गुनासो सम्बोधनलगायत अनलाइन सेवालाई सबै नियोगले अनिवार्य रूपमा प्रयोग गर्न निर्देशन दिए ।

# विपद्जन्य घटना : २४ घण्टामा १० जनाको मृत्यु

**काठमाडौं (प्रस)**– मुलुकका विभिन्न क्षेत्रमा शनिबार विपद्जन्य घटनामा परेर १० जनाको मृत्यु भएको छ ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार गुल्मी, बागलुङ र स्याङजामा पहिरोमा पुरिएर नौ जनाको मृत्यु भएको छ । दाङमा चटचाङ लागेर एक जनाको मृत्यु भएको छ ।

गुल्मीमा पहिरोले घर पुरिँदा एकै परिवारका पाँचजनाको मृत्यु भएको छ । पहिरोले घर पुर्दा बागलुङको गलकोट नगरपालिका-८ काँडेबाँसको बिसौनामा एक दम्पती र स्याङजामा आमाछोरीको मृत्यु भएको जानकारी दिइएको छ ।

यस्तै, दाङको राजपुर गाउँपालिका-२ मटेरियाकी ३९ वर्षीया भूमिसरा बुढा मगरको चटचाङ लागेर मृत्यु भएको जनाइएको छ । ती घटनाहरुमा तीनजना घाइते भएको प्राधिकरणका प्रवक्ता डा. डिजन भट्टराईले जानकारी दिए । यस वर्षको मनसुन सुरु भएपछि विपद्जन्य घटनामा परेर ३८ जनाले ज्यान गुमाइसकेका छन् ।

## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८१/०२/११ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (**एस.डि.आर. लजिष्टिक प्रा.लि.**) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **"एस.डि. आर. बिजनेस प्रा.लि.(प्रा. लि. नं. १७८६६९)"** कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## नाम परिवर्तन सम्बन्धी सूचना

यस कम्पनीको मिति २०८१/०३/०२ मा सम्पन्न विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनी (**वन सिपिङ्ग लजिष्टिक प्रा.लि.**) को नामबाट सृजना भएको एवं साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ती तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व तिर्ने व्यहोर्ने गरी परिवर्तित नाम **"वन इन्टरनेशनल ट्रेड प्रा.लि.(प्रा. लि. नं. २६१३४०)"** कायम भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

(सूचना प्रकाशित २०८१/०३/१६ गते)

सुनविर तामाङ नाति/नातिनी, मन्चा तामाङ र श्रीमाया तामाङ छोरा/छोरी श्रीमाया तामाङ पति/पत्नी धादिङ जिल्ला, निलकण्ठ म./उप.म.न.पा./न.पा./गा.पा, वडा नं १४ बस्ने भिम बहादुर तामाङको मिति २०८१/०२/०५ मा मृत्यु भएकोले निजको नाममा यस बैंकको धादिङबेशी शाखामा रहेको भिम बहादुर तामाङको खाता नं. १४६०२८३३२१५००००१ मा रहेको मौज्दात रहेको रकम भुक्तानी पाऊँ भनी निज खातावालाको श्रीमतीले यस बैंकको धादिङबेशी शाखा कार्यालयमा दावी गर्नुभएको हुँदा, उक्त निक्षेप उपर दावीकर्ता बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आफ्नो हक लाग्ने व्यहोरा प्रमाणित हुने सक्कलै सबुत प्रमाण कागजसहित यस बैंकको शाखा कार्यालय धादिङबेशी, धादिङ मा हकदावी गर्न आउनुहोला । म्यादभित्र कसैको हकदावी नपरेमा वा रीत नपुगी परेको दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराउँदछौं ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि
शाखा कार्यालय धादिङबेशी, धादिङ फोन नं. ०१०५२१०६५


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Baha Al Khayr for Contracting Est

पूर्व स्वीकृति मिति : २०८१/03/१४ LT. No. 306968 चलानी नं. ६०२२१६९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Electrician | 2 | 0 | 1200 | ४२,६४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २३ गते (7th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ३) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ४) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

License No. : 646/063/064

**Career International Services (P.) Ltd.**
धुम्वाराही, पिपलबोट, काठमाडौं, फोन : ४००९६४१, ४००९६४३
Email : info@career-intl.com, Website : www.career-intl.com



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAKURA FOOD INDUSTRIES FACTORY

पूर्व स्वीकृति मिति २०८१/03/१४ LT. No. 306945 चलानी नं. ६०२२१५५०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | food and beverage counter worker | 5 | 0 | 1000 | २८,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : CHINA JIANGSU INTERNATIONAL ECONOMIC AND TECHNOLOGY COOPERATION GROUP CO.LTD

पूर्व स्वीकृति मिति २०८१/03/१४ LT. No. 306991 चलानी नं. ६०२२१५५१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Electrician | 2 | 0 | 1200 | ४२,६४३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | CONSTRUCTION SITE SUPERVISOR | 1 | 0 | 2500 | ४२,६४३ | | | | | | | |
| 3 | MASON | 2 | 0 | 1200 | ४२,६४३ | | | | | | | |
| 4 | PLUMBER | 2 | 0 | 1200 | ४२,६४३ | | | | | | | |
| 5 | STEEL FIXER | 4 | 0 | 1200 | ४२,६४३ | | | | | | | |
| 6 | Wooden frame carpenter | 4 | 0 | 1200 | ४२,६४३ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २३ गते (7th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Honesty Overseas Pvt.Ltd.**
श्रम ईजाजत नं. १०००/०६८/०६९
Basundhara Chowk-8, Kathmandu, Nepal
Phone No.: +977-1-4364494, 4352243
Email : honestyoverseas@gmail.com,Web: www.honestyoverseas.com.np


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

असार १६ गते २०८१, आइतबार

| | |
|---|---|
| मेष | दैनन्दिन काममा सक्रिय हुन खोजिनेछ । |
| वृष | सहजता विचार्दै आफूलाई अघि सारिनेछ । |
| मिथुन | कुनै-कुनै कुरामा सम्झौता गर्नुपर्ने हुन्छ । |
| कर्कट | आफ्नो कामकुराका निमित्त समय दिन खोजिनेछ । |
| सिंह | समयअनुसारका काममा ध्यान दिनुपर्ने बेला छ । |
| कन्या | नयाँ रोजगारीको सम्भावना छ । |
| तुला | काम कसरी सहज हुन्छ आफैंले विचार गर्नुपर्नेविभिन्न |
| वृश्चिक | व्यक्तित्वसित चिनजान गर्ने मौका मिल्नेछ । |
| धनु | विभिन्न माध्यमबाट अपेक्षित सहयोग पाइनेछ । |
| मकर | परिस्थिति विचार्दै अघि बढ्नु उचित हुनेछ । |
| कुम्भ | सुझबुझले काम सल्टाउनु उचित हुनेछ । |
| मीन | कमजोरी र थकानले काममा मन नलाग्न सक्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

असार १६ गते, २०८१, ३० जुन, २०२४

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३३.२४ | १३३.८४ |
| युरो | १ को | १४२.९५ | १४३.५९ |
| पाउन्ड स्टर्लिङ | १ को | १६८.७१ | १६९.४७ |
| स्विस फ्रैन्क | १ को | १४९.१७ | १४९.८४ |
| अस्ट्रेलियन डलर | १ को | ८८.५४ | ८८.९४ |
| क्यानाडियन डलर | १ को | ९७.४० | ९७.८४ |
| सिँगापुर डलर | १ को | ९८.४७ | ९८.९१ |
| जापानी येन | १० को | ८.३५ | ८.३९ |
| चिनियाँ युआन | १ को | १८.३५ | १८.४४ |
| साउदी अरब रियाल | १ को | ३५.५२ | ३५.६८ |
| कतारी रियाल | १ को | ३६.५५ | ३६.७१ |
| थाई भाट | १ को | ३.६३ | ३.६५ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.२८ | ३६.४४ |
| मलेसियन रिङेट | १ को | २८.२८ | २८.४१ |
| दक्षिण कोरियन वन | १०० को | ९.६० | ९.६४ |
| स्विडिस क्रोनर | १ को | १२.६९ | १२.७५ |
| डेनिस क्रोनर | १ को | १९.१६ | १९.२५ |
| हङकङ डलर | १ को | १७.०७ | १७.१४ |
| कुवेती दिनार | १ को | ४३४.४२ | ४३६.३७ |
| बहराइन दिनार | १ को | ३५३.४५ | ३५५.०५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट धधध।लचद।यचन।लउ मा उपलब्ध हुनेछ ।



कर्णाली मौलिक बाजा

पोखरा पर्यटन परिषद्ले शनिबार पोखरा महानगरपालिका–२३ स्थित मार्गीमा आयोजना गरेको असारे रोपाइँ महोत्सवमा हिलो खेल्दै विदेशी पर्यटक । *तस्बिरः धनबहादुर गुरुङ/रासस*

# पशुपति क्षेत्रमा त्रिशूल जात्रा सम्पन्न

**काठमाडौं (प्रस)**– पशुपति क्षेत्रका बालबालिकालाई राक्षसबाट बचाउने उद्देश्यले मनाउन थालिएको विश्वास गरिने त्रिशूल जात्रा पशुपति क्षेत्रमा सम्पन्न गरिएको छ ।

प्रत्येक वर्ष आषाढ कृष्ण अष्टमीका दिन मनाइने त्रिशूल जात्रा राजा नरेन्द्रदेवको पालामा सुरु भएको भनाइ छ । स्वयम्भू एवं नागार्जुन जंगल क्षेत्रमा बस्ने एक राक्षसले प्रत्येक वर्ष पशुपति क्षेत्रबाट बालबालिका लगेर खान थालेपछि स्थानीयवासी आतंकित बनेका थिए । राक्षसले पशुपतिबाट बालक लैजाने नियमित नै भएपछि भुवनेश्वरीका पुजारी भूमि आचार्जुका छोरा नै लगेको थियो । आचार्जुले छोरा राक्षसले लगेको थाहा पाएपछि पाटन शंखमूल क्षेत्रमा गई



तान्त्रिक साधना गरेर अमृत लिएर नयाँबानेश्वरमा आउँदा छोरालाई मारेको केही महिलाले सुनाए ।

नयाँबानेश्वरको हाल छक्कुबक्कु मन्दिर रहेको क्षेत्रमा अमृत बिसाएर महिलालाई गाली गरेकाले त्रिशूल जात्राका क्रममा अश्लील शब्दले गालीसमेत गर्ने गरेको मान्यता रहिआएको छ । आचार्जुले ल्याएको अमृतले बालकलाई बचाएर त्यसै वर्षदेखि पशुपति क्षेत्रमा त्रिशूल जात्रा गरी राक्षस बालबालिका लिन आएमा त्रिशूलले खोपेर आन्द्राभुँडी निकाल्ने सन्देश दिएको भनाइ पशुपति क्षेत्रका संस्कृतिविद् मुकुन्दराज वैद्य बताउँछन् ।

सिफलचौरबाट राक्षसलाई बालबालिकामाथि आक्रमण नगर्न खबरदारी गर्न यो जात्रा सुरु गरिएको किंवदन्ती यस क्षेत्रमा चलेको छ । कसैले भने यो जात्रा मल्लकालदेखि चलेको बताउने गरेका छन् । यो जात्रा गरेपछि वर्षभर पशुपति क्षेत्रका बालबालिका राक्षसबाट सुरक्षित हुने विश्वास गरिन्छ ।

# असार १५ दही चिउरा खाएर मनाइयो

**काठमाडौं**– प्रत्येक वर्ष असार १५ गते दही चिउरा खाएर मनाइने सांस्कृतिक परम्परा यस वर्ष पनि जारी रह्यो । शनिबार देशभर दही चिउरा खाएर असार १५ मनाइयो ।

खेतमा रोपाइँ गरी दही चिउरा खाएर मनाइने यो सांस्कृतिक परम्परा रोपाइँ सुरु हुन थालेदेखि नै मनाउन थालिएको हो । असार 'मुठी रोपेर मुरी उमार्ने' महिनाका रूपमा सदियौंदेखि चिनिँदै आएको छ । वि.सं. २०६२ देखि असार १५ लाई राष्ट्रिय धान दिवसका रूपमा मनाउन थालिएको छ ।

किसान वर्षभरका लागि छाक जुटाउन यो महिना खेतीमा व्यस्त हुन्छन् । व्यस्त हुने महिनाको मध्यमा अर्थात् १५ गते दही चिउरा खाएर धान दिवस मनाउने परम्परा नेपाली समाजमा चल्दै आएको छ । यस दिन असारे भाकामा लोकदोहोरी गाउँदै छुपुछुपु हिलोमा धान रोपिन्छ । 'छुपु र छुपु हिलोमा धान रोपेर छोडौंला, बनाई कुलो लगाई पानी आएर गोडौंला' जस्ता लोकलयका गीत गाएर खेतमै रमाइलो गरिएको छ ।

मध्यगर्मीको यो समयमा युवा लाठे र युवती रोपाहारले खेतका गराको हिलो छ्यापाछ्याप गरेर मनोरञ्जन गरेका छन् । कामको चटारोले थकित भएका किसान शक्ति प्राप्तिका लागि दही चिउरा खाने गरेको विश्वास छ । यसबेला दही चिउराले शरीरमा शीतलता भई शक्ति सञ्चय हुने विश्वास गरिन्छ । असार १५ लाई नेपाली समाजमा दही चिउरा खाने पर्वका रूपमा पनि लिइन्छ । खेतीपातीबाहेक अन्य पेसा र व्यवसायमा लागेका नेपालीले पनि यस दिन दही चिउरा खाई असार १५ लाई सांस्कृतिक पर्वका रूपमा मनाएका छन् ।

नेपाली संस्कृतिमा दहीको स्थान महत्त्वपूर्ण छ । शुभकार्यका लागि घरबाहिर निस्कने, विदेश जाने आदि महत्त्वपूर्ण काम गर्नुअघि दही अक्षता मुछेर निधारमा रातो टीका लगाउने परम्परा छ । यस्ता शुभकाममा निस्कनुअघि सगुनका रूपमा पनि दही खुवाएर बिदाइ गरिन्छ । निस्कने बेलामा दही खाएर हिँडे साइत पर्ने जनविश्वास रहिआएको छ ।

दही वैज्ञानिक दृष्टिले पनि स्वास्थ्यवर्द्धक मानिन्छ। गुरु गोरखनाथले नेपालको एकीकरणकर्ता पृथ्वीनारायण शाहलाई दही खान दिएर पराक्रमी हुने भविष्यवाणी गरेका थिए भनिन्छ। आयुर्वेदमा भोजनको अन्त्यमा दही मथेर बनाएको मोही पिएमा औषधि उपचारका लागि स्वास्थ्यकर्मीकहाँ जानु नपर्ने बताइएको छ । 'भोजनान्ते पिबेत् तक्रं वैद्यस्य किं प्रयोजनम्' भन्नेजस्ता वाक्य पनि आयुर्वेदमा उल्लेख गरिएको छ । दहीले पाचन शक्ति पनि बढाउँछ।

पखाला लागेका बेला दही चिउरा खाएमा औषधिको काम गर्छ । यसैले दही चिउरा खाने संस्कारले नेपाली संस्कृतिमा बृहत् रूप लिएको छ । यसरी असार १५ गते नेपाली समाजमा राष्ट्रिय सांस्कृतिक पर्व बन्न सफल भएको हो ।

परम्परादेखि असार धान रोप्ने महिनाका रूपमा परिचित हुँदै आएको हो । २०६१ मंसिर २९ गते मन्त्रीस्तरीय निर्णय गरी २०६२ साल असार १५ गतेदेखि राष्ट्रिय धान दिवस मनाउन थालिएको हो । यसैअनुसार शनिबार २१औं धान दिवस देशभर विभिन्न कार्यक्रम गरी मनाइएको छ ।

नेपाल कृषिप्रधान देशका भएकाले यहाँ अधिकांश मानिस कुनै न कुनै रूपमा कृषिसँग जोडिएका छन् तर पछिल्लो समय यसतर्फको आकर्षण घट्दो छ । धेरै स्थानमा सिँचाइको उचित प्रबन्ध नहुँदा आकाशेपानीको भर पर्नुपर्ने भएकाले देशका सबै भागमा पानी नपरेका कारण असार १५ बितिसक्दा पनि हुनुपर्ने जति रोपाइँ हुन नसकेका खबर सार्वजनिक भएका छन् । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले पर्याप्त मात्रामा रासायनिक मलको मौज्दात रहेको जनाए पनि कतैकतै भने किसानले मल नपाएको गुनासो गरिरहेका छन् ।

सरकारले रासायनिक मल बिक्री गर्न स्थानीय सरकारलाई जिम्मेवार बनाउँदै स्थानीय तहले छनोट गरेका सहकारीमार्फत रासायनिक मल बिक्री वितरण हुने व्यवस्था गरेको छ । सहकारीले व्यवस्थितरूपमा मल वितरण नगर्दा किसान भने मर्कामा परिरहेका जानकारहरू बताउँछन् । *रासस*


## शे-फोक्सुण्डो गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

साल्दाङ, डोल्पा

कर्णाली प्रदेश, नेपाल

### प्राविधिक प्रस्ताव स्वीकृत तथा आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८१/०३/१६

यस कार्यालयबाट मिति २०८१/०२/०६ गते प्रभाव दैनिक राष्ट्रिय पत्रिकामा प्रथम पटक प्रकाशित ठेक्का नं SPRM/NCB/DOLPA/WORKS/080–081–14 (Construction Of Pugmo Health Post Building) बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम निर्धारित समयभित्र दर्ता हुन आएका बोलपत्रहरूको प्राविधिक प्रस्ताव मूल्यांकन गर्दा तपसिल बमोजिमका बोलपत्रदाताको बोलपत्रहरु मूल्यांकन समितिबाट स्वीकृतिका लागि सिफारिस भइ आएकोले सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ३१(ङ) को उपनियम ५ बमोजिम निम्न मिती,समय र स्थानमा आर्थिक प्रस्ताब खोलिने हुँदा सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिलः**

| क्र.सं. | छनोट भएका बोलपत्रदाता | आर्थिक प्रस्ताव खोल्ने मिती,समय र स्थान |
|---|---|---|
| १ | BORGNE85432020 (Jagadulla/Swostika/Nima Lama JV) | २०८१/०३/२३ गते आइतबार दिनको १२:०० बजे शे फोक्सुण्डो गाँउ कार्यपालिकाको कार्यालय, साल्दाङ, डोल्पा |
| २ | Safal Sanjibini JV,Jufal Dolpa,Nepal | |
| ३ | Kiran Nirman Sewa ,Dolpa Sahartara Nepal | |
| ४ | KBG-Superstar-Siddhibinayak JV, Dolpa Thulibheri,Dolpa Karnali Provinance | |
| ५ | KCPL-KNS-UAINS JV, | |
| ६ | A.B Sworgadwari Engineering Consulting & Construction PVt.LTd, Chormara,Nawalparasi,East Nepal | |

**प्रमुख प्रशासकीय अधिकृत**

## Godawari Municipality

**Office of Municipal Executive**

**Bajrabarahi, Lalitpur**

**Bagmati Province, Nepal**

### Invitation for Bids(IFB)

**First Date of publication: - 2081/03/16 BS. (2024/06/30 AD.)**

1. The Godawari Municipality has allocated funds towards the cost of the Following project specified in table below and intends to apply part of the funds to cover eligible payments under the Contract. Bidding is open to all eligible Nepalese Bidders.
2. The Godawari Municipality, Office of Municipal Executive, Bajrabarahi, Lalitpur invites electronic bids only for the Construction of the following project under National Competitive **(Single Stage: Single-Envelope )** Bidding procedures specified in Public Procurement Act and Regulations.

| SN | Contract Identification No. | Name of Project | Estimate Amounts NRs (Without VAT but including PS ) | Cost of Bidding Document NRs | Bid Security NRs | Date of Pre-bid Meeting | Last Date and Time of Bid Submission | Bid opening Date and Time | Remarks |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Godawarimun/ lalitpur/ W/NCB/53/080/81 | Continuing works for Jwaladevi Abhi school building | 46,63,859.67 | 3,000/- | 1,32,000/- | 2081/04/06 BS (2024-07-21- AD) Time: 13:00 Hrs | 2081/04/15 BS (2024-07-30 AD) Time: 12:00 Hrs | 2081/04/15 BS (2024-07-30 AD) Time: 13:00 Hrs | |

3. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
4. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.
5. Eligible Bidders may obtain further information from the Godawari Municipality, Office of the Municipal Executive, Bajrabarahi, Lalitpur, Phone No. 01-5572592 during office hour. or may visit PPMO website:- www.bolpatra.gov.np/egp/
6. For more details about the Invitation for Bids (IFB), Bidders can go through the Bidding Documents.
7. Other mandatory information as per PPA and PPR.

**Chief Administrative Officer**

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### किसानको समस्या सम्बोधनमा ध्यान देऊ

असार १५ लाई नेपालीहरूले महत्त्वपूर्ण दिनको रूपमा मनाउँदै आएको छ । विशेषगरी किसानहरूका लागि यस दिनले विशेष महत्त्व राख्दछ । प्रत्येक वर्ष असार १५ गते दही चिउरा खाएर मनाइने सांस्कृतिक परम्परा रहेको छ । साथै, सरकारले केही वर्षयता यस दिनललाई राष्ट्रिय धान दिवसको रूपमा मनाउँदै आएको छ । २०६२ देखि असार १५ लाई राष्ट्रिय धान दिवसका रूपमा मनाउन थालिएको हो ।

'मुठी रोपेर मुरी उमार्ने' महिनाको रूपमा चिनिन्छ असार । यो महिना देशभरका किसानहरू रोपाइँमा व्यस्त हुन्छन् । सिँचाइको सुविधा नभएका अधिकांश क्षेत्रमा आकाशेपानीको भरमा रोपाइँ गर्नुपर्ने बाध्यता छ । समयमा पानी नपरिदिँदा किसानले रोपाइँ गर्न पाउँदैनन् । जसले धान उत्पादनमा असर पुऱ्याउने गरेको छ ।

शनिबार अर्थात् देशभर दही चिउरा खाएर असार १५ मनाइयो । यसैगरी राष्ट्रिय धान दिवस मनाउन प्रधानमन्त्री, मन्त्रीलगायत खेतमै पुगे । यता राष्ट्रपति रामचन्द्र पौडेलले शितलनिवासमै रोपाइँ गरेर धान दिवस मनाए । पछिल्लो समय असार १५ नेताहरूको जात्रा जस्तै बनेको छ । एक दिन खेतमा पुगेर हिलो खेल्दै धान रोपेको देखाएर नाटक मञ्चन गरिरहेका हुन्छन् । जुन कार्य यो वर्ष पनि देखियो । यस दिनको महत्त्वलाई सार्थक बनाउन नेताहरूको यो हर्कत आवश्यक छैन । बरु किसानका समस्या हल गर्न पहल गरेर उनीहरूलाई सहजीकरण गरिदिनु आवश्यक छ ।

किसान कहिले पानी नपरेर त कहिले मलको अभावमा रोपाइँ गर्न नपाएको पीडामा हुन्छन् । यो वर्ष पनि केही स्थानका किसानहरूले मल नपाएको गुनासो गरिरहेका छन् । यस्ता समस्यामा चासो नदिने नेताहरू एक दिन हिलोमा लटपटिएर जात्रा देखाउनुको के अर्थ ? भन्नलाई कृषिप्रधान देश भन्ने तर खाद्यान्न आयातमै भर पर्नुपर्ने अवस्था छ । खेती किसानी गर्ने किसानको मर्का सरकारले नबुझिदिँदा खेती गर्नुको सट्टा वैदेशिक रोजगारीतर्फ लाग्नेको संख्या बढ्दो छ । भएका किसानलाई यही पेसामा टिकाउन सरकारसँग योजना छैन । धेरै स्थानमा सिँचाइको उचित प्रबन्ध नहुँदा आकाशेपानीको भर पर्नुपर्ने भएकाले देशका सबै भागमा पानी नपरेका कारण असार १५ बितिसक्दा पनि हुनुपर्ने जति रोपाइँ हुन नसकेका खबर सार्वजनिक भएका छन् । कृषि तथा पशुपक्षी विकास मन्त्रालयले पर्याप्त मात्रामा रासायनिक मलको मौज्दात रहेको जनाए पनि कतैकतै भने किसानले मल नपाएको गुनासो गरिरहेका छन् । खेतमा गएर एक दिन जात्रा देखाउनुभन्दा यस्ता कुरामा ध्यान दिन सके किसान र देश दुवैका लागि लाभ हुने निश्चित छ ।

## मननयोग्य

### चाणक्य नीति

राजा नन्द । तिमीलाई यो पनि थाहा छैन, मगध एउटा दन्दनाएको ज्वालामुखी भइरहेछ । कहिले ज्वालामुखी फुट्छ । जुन राजाका हात युद्धमा शत्रुको शिर काट्नमा प्रयोग हुन्छ त्यही हात नर्तकी, वेश्या, कामिनीका साथ मोजमस्तीमा लागिरहन्छन् । हेर नन्द । राजाको शरीर प्रजामा अर्पण हुन्छ, तर म देख्दैछु राजा सुरा सुन्दरीमा समर्पित छ । जुन राजालाई बाहिरी देशको ज्ञान छैन त्यो ज्ञान चाकडी र चाप्लुसीवादले निकम्मा बनाएको छ । त्यस्ता राजाले आफ्नो राज्यमा के भएको चाल पाउदैन ।

छिमेकी राज्यसहित विदेशीको गिद्धेदृष्टि मगधमा छ, तर राजालाई भोगविलासले त्यो जान्ने फुर्सद कहाँ छ ? सभामा बसेका सबैले थी ब्राह्मणलाई आश्चर्यचकित भई हेरिरहे । यस्तो कुरा राजा, नन्द र महामात्य राक्षसका सामुमा अगाडि भन्न सक्ने दुःसाहस सपनामा पनि उनीहरू गर्न सक्दैनथे ।

नन्दका कान सन्दरीका मीठो स्वर दरवारिया चापलुसी चाटुकारिता सुन्नमा व्यस्त हुन्थे, तर चाणक्यका सिसाजस्तो गड्ने कुरा सुनी रिसले तमतमाउँदै पूरै कडकर राजा नन्दले भने- 'यो मूर्ख बाह्मणलाई यहाँ कसले ल्यायो ? यसको यो दरबारमा प्रवेश गर्ने साहस कसरी भयो ?'

कुरा यसरी बिग्रिएको देखी अमात्य शकटार खडा धभई भन्न लागे 'महाराज, क्षमा चाहन्छु, मैले त तक्षशिलाका मार्तण्ड विद्वान् व्यक्तित्वलाई दरबारमा ल्याएको हुँ, यी विष्णगप्त हुन् । जसका बुद्धिको चर्चा देश-विदेशमा टाढा-टाढासम्म छ । जसको अर्थशास्त्र विश्वप्रसिद्ध छ र अन्य विषयमा पनि त्यस्तै राजनीतिक प्रकाण्ड विद्वान् । राजा नन्दले चाणक्यपछि फर्केर उपहास गर्दै भने यो शक्तिहीनजस्तो कुरूप व्यक्ति पनि प्रकाण्ड विद्वान मार्तण्ड विद्वान किन ?

राजाले चाणक्यलाई व्यङ्ग्य गरेको देखी सबै दरबारियाले पनि व्यग्य गर्न थाले । सुनिएको थियो- 'ब्राह्मणका रिस डरलाग्दो हुन्छ तर आज साक्षात् देख्ने मौका पायौं' चाणक्यको रिस सीमाबाहिर भयो। उनको शरीर रिससरूपी आगोले काम्न थाल्यो । कमण्डलुबाट जल लिएर हातमा राख्दै टुक्रिएर भने' राजा नन्द ।

# पुष्पलालको जन्मशताब्दी र नेपाली कम्युनिस्ट आन्दोलन



■ महेन्द्रप्रकाश सिवाकोटी

> पुष्पलालको प्रभाव राजनीतिक आन्दोलनहरूमा प्रत्यक्ष संलग्नताका साथै दार्शनिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत नेपाली समाजमा वर्गहरूको स्थिति विश्लेषण मार्क्सवादी चिन्तनको आधारमा गरेको थियो । समाजवाद र नेपालको राजनीतिक परि दृश्यमा लेखिएका लेखहरूसहित उनका बौद्धिक योगदानले युवा कार्यकर्ता र बुद्धिजीवीहरूका लागि मार्गदर्शन गर्ने कार्य गरेको थियो र आज पनि गरिरहेको छ । उनले छाडेको विचारधारा आज पनि उत्तिकै सान्दर्भिक र समसामयिक छ । लोकतान्त्रिक मूल्यमान्यता, सामाजिक कल्याण र आर्थिक समानताका लागि उनको वकालतले नेपालमा वामपन्थी राजनीतिक दलहरूको नीति र प्राथमिकताहरूलाई आकार दिन ठूलो टेवा पुऱ्याएको छ ।

नेपालको कम्युनिस्ट आन्दोलनका आरम्भकर्ता पुष्पलालको जन्म १९८१ असार १५ गते रामेछापको भंगेरीमा भएको थियो । सहिद गंगालालको भाइ पुष्पलाल, परिवारको माइलो छोरा थिए । नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल, राजा महेन्द्रले २०१७ सालमा प्रजातन्त्रमाथि 'कू' गरेपछि भारत निर्वासित भएका थिए । निर्वासनकै क्रममा उनी गम्भीररूपमा बिरामी भए । उपचारकै क्रममा २०३५ साउन ७ गते भारतस्थित नयाँदिल्लीमा उनको निधन भयो ।

नेपालका कम्युनिस्ट र नेपाली कांग्रेस मिलेर संयुक्तरूपमा जनआन्दोलन गरेमा नेपालमा प्रजातन्त्रको बहाली हुन्छ भन्ने उनको विचार थियो । आज पनि पुष्पलालको विचारलाई विश्लेषण गरेर भन्ने हो भने नेपालका कम्युनिस्ट र नेपाली कांग्रेस दुवै मिलेर जनताको भावनाअनुरूपको समृद्ध नेपाल निर्माण गर्न अगाडि बढ्ने हो भने मुलुकले निश्चय नै विकासको ठूलो फड्को मार्ने छ । देश समृद्ध हुने छ र नेपाली जनता सुखी हुने छन् ।

नेपाली कम्युनिस्ट आन्दोलनका शिखर पुरूष थिए- पुष्पलाल । नेपाली कम्युनिस्ट राजनीतिमा उनको उपस्थिति र भूमिकाले नै नेपालमा कम्युनिस्ट पार्टी स्थापना र उक्त संगठन विस्तारका लागि उत्प्रेरकको भूमिका निर्वाह भएको थियो । पुष्पलालको परिवार राजनीतिकरूपमा अपरिचित थिएन । उनका आफ्नै दाजु गंगालाललाई २२ वर्षको कलिलो उमेरमा राणा शासकहरूले गोली हानेर हत्या गरेका थिए । सानैदेखि राजनीतिक परिवेशमा हुर्केका र आफ्नै अगाडि दाजुको गोली हानी हत्या गरेको अवस्था अनि घरमा भइरहने राजनीतिक जमघट र गतिविधि किशोर पुष्पलालका लागि प्रेरक घटना बनेका थिए । दाजु गंगालालले आफ्नो हत्या हुनुअघि 'आफूले गर्न नसकेको प्रजातन्त्रको स्थापनाको कार्यभारलाई तिमीले गाउँको कुनाकुनासम्म पुऱ्याउनू' भन्ने सन्देशलाई उनले जीवनभरि पछ्याइरहे । गंगालाललाई शोभाभगवतीमै हत्या गरेकै दिन पुष्पलालले नेपालबाट पारिवारिक राणा र सामन्ती सत्ताको अन्त्य गरी सच्चा जनवादी लोकतान्त्रिक न्यायपूर्ण गणतन्त्रवादी नेपाल निर्माण गर्ने प्रण गरेका थिए ।

## कम्युनिस्ट पार्टीको स्थापना

वि.सं. १९९८ मा पुष्पलाल श्रेष्ठले प्रेमबहादुर कंसाकार, शम्भुराम श्रेष्ठ, सूर्यबहादुर भारद्वाज र राजारामसँग मिलेर नेपाली प्रजातान्त्रिक संघको गठन गरे। संघमा रहेका सदस्यले आ-आफ्नो रगतले प्रतिज्ञापत्रमा सही गरेर पार्टीमा लाग्नुपर्ने नियम बनाएका थिए । संघले राणाशासनको विरोध गर्ने, विद्यालयहरू खोली विभिन्न खालका सीपमूलक तालिम दिने गरिन्थ्यो । भारतमा पनि राणाविरोधी क्रियाकलाप बढाउन पुष्पलालले भित्रभित्रै नेपाल प्रजा परिषद्का नेताहरूसित गोप्यरूपले सम्पर्क राखी टंकप्रसाद आचार्यलगायत अरू नेताहरूको फोटो सन् १९४२ मा भारत, पटनाबाट प्रकाशित हुने 'जनता' पत्रिकामा प्रकाशित गर्न मद्दत गरे ।

त्यस्तै २००४ सालमा नेपाली राष्ट्रिय कांग्रेसले नागरिक अधिकारका लागि गरेको आन्दोलनको नेतृत्व पुष्पलाल, शम्भुराम श्रेष्ठ, स्नेहलता श्रेष्ठ, साहना प्रधान आदिले गरे । मार्क्सवाद-लेनिनवादलाई सर्वोत्तम विचारधारा ठानी २००६ सालमा कलकत्तामा पुष्पलालले नेपाल कम्युनिस्ट पार्टीको स्थापना गरे । यसका संस्थापक सदस्यहरूमा नरबहादुर कर्माचार्य, निरञ्जन गोविन्द वैद्य, नारायणविलास जोशी, मोतीदेवी श्रेष्ठ आदि थिए ।

## कम्युनिस्ट पार्टीको घोषणापत्र

पुष्पलालले नेपालमा कम्युनिस्ट विचारधाराको व्यापक प्रचारप्रसार गर्न कार्लमार्क्स र फेडरिक एंगेल्सद्वारा लिखित 'कम्युनिस्ट घोषणापत्र' नेपाली भाषामा अनुवाद गरे । सो घोषणापत्र मार्क्सवादी विचारको नेपाली भाषामा पहिलो साहित्य हो । २००६ वैशाख १० गते नेपालमा कम्युनिस्ट पार्टीको आवश्यकता छ भन्ने महसुस गरी नेपाल कम्युनिस्ट पार्टी स्थापनार्थ संगठन समितिको गठन आफ्नो नेतृत्वमा गरेका थिए । यसका सदस्यहरूमा गोविन्द निरञ्जन वैद्य, नरबहादुर कर्माचार्य, नारायणविलास जोशी र मोतीदेवी श्रेष्ठ रहेका थिए । यस संगठन समितिले २००६ भदौ ३० गते नेपाल कम्युनिस्ट पार्टीको घोषणापत्रका साथ विधिवत् नेपाल कम्युनिस्ट पार्टीको घोषणा गऱ्यो । पार्टी स्थापना भएपछि विस्तारै कम्युनिस्ट पार्टीको सदस्यमा मनमोहन अधिकारी, तुलसीलाल अमात्य, शम्भुराम श्रेष्ठ, डिपी अधिकारी, शैलेन्द्रकुमार उपाध्याय, हिक्मतसिंह भण्डारी, केशरजंग रायमाझी आदि जोडिए ।

वि.सं. २००८ मा पुनः कलकत्ताको एक धर्मशालामा कम्युनिस्ट पार्टीको पहिलो सम्मेलन भयो । नेपालको आधुनिकीकरणका लागि 'नयाँ जनवादका निम्ति नेपाली जनताको बाटो' नामक कार्यक्रम पास भयो । यही बैठकले नेपालमा नयाँखाले पुँजीवादी जनवादी क्रान्ति गर्नुपर्ने आवश्यकतालाई जोड दियो यसलाई नयाँ जनवादी कार्यक्रमको संज्ञा दिइएको थियो । क्रान्तिपछि राज्यको स्वरूप नयाँ जनवादी गणतन्त्र हुने घोषणा गरिएको थियो । यसले नयाँ जनवादी गणतन्त्रमा सामन्तवाद-साम्राज्यवाद विरोधी सबै दलहरूलाई प्रतिस्पर्धात्मक छुट दिने र राज्यको आर्थिक व्यवस्था समाजवादोन्मुख हुने तथा निजी र सरकारी दुवै क्षेत्रको सहकार्यमा समाजवादको निर्माण गर्ने र प्रेस स्वतन्त्रता, बोल्ने, लेख्ने, सम्पत्ति आर्जन गर्ने र सबै प्रकारका मौलिक हक हुने कार्यक्रम ल्याएको थियो । त्यस्तै स्वतन्त्र न्यायपालिकाको परिकल्पना गरिएको थियो । त्यस्तै क्रान्तिकारी भूमिसुधार लागू गर्ने, जनतालाई निःशुल्क शिक्षा, स्वास्थ्य, रोजगारीको ग्यारेन्टी, गास, बास र कपासको अनिवार्य व्यवस्था राज्यले गर्नुपर्ने आदि महत्त्वपूर्ण कुरा यसमा उल्लेख गरिएका थिए ।

## समाज अध्येता पुष्पलाल

आफ्ना समकालीन नेताहरूभन्दा फरक पुष्पलाल राजनीतिक कर्महरूमा मात्र सीमित भएनन् । उनले नेपाली समाजको अध्ययन गर्ने, नेपाली इतिहासलाई मार्क्सवादी-भौतिकवादी दृष्टिकोणले केलाउने र त्यसको आधारमा नेपाली क्रान्तिको कार्यक्रम तय गर्ने ऐतिहासिक जिम्मेवारी वहन गरे । नेपाली समाजको विश्लेषणको क्रममा पुष्पलाल नेपाली समाज अर्धसामन्ती र अर्धऔपनिवेशिक रहेको निष्कर्षमा पुगेका थिए । २०२५ सालको तेस्रो सम्मेलनबाट नयाँ जनवादी कार्यक्रम पारित गर्दा उनी दीर्घकालीन सशस्त्र किसान क्रान्ति संघर्षमार्फत नयाँ जनवाद स्थापना गर्नुपर्ने निष्कर्षमा पुगेका थिए ।

उनले नेपाली समाजमा पूर्ण प्रजातान्त्रिक (जनवाद) मूल्य र मान्यताको स्थापना र सामाजिक न्यायका लागि जीवनभर आन्दोलनमा होमिए । उनी जहिले पनि श्रमिकको हित र विशेष गरेर समाजको पिछडिएको वर्गको हितको बारेमा सोच्ने गर्थे । २००७ सालको क्रान्तिकालमा त्रिपक्षीय दिल्ली सम्झौता (राजा, राणा, भारतबीच भएको) विरूद्ध पुष्पलालले नेतृत्व गरी राष्ट्रियताको पक्षमा संघर्ष चलाए । त्यो संघर्षले नेपालमा कम्युनिस्ट आन्दोलनका लागि पर्याप्त सहयोग पुग्यो । त्यतिबेलाको नेपाली समाजमा एउटा उदाउँदो चम्किलो नेताको रूपमा आफ्नो छवि स्थापना गरेका थिए । उनमा सशक्त नेतृत्वदायी क्षमता थियो । उनी समाज परिवर्तनको प्रवर्तक थिए । उनले राणाविरोधी आन्दोलन, प्रजातान्त्रिक सुधार र निरंकुश शासनको अन्त्यका लागि सशक्त नेतृत्व गरेका थिए ।

उनको बौद्धिकता उनले लेखेका मार्क्सवाद र समाजवादसँग सम्बन्धित लेखकहरूबाट झल्कन्छ । प्रगतिशील बुद्धिजीवि सम्मेलनमा दिएको भाषण, नेपालमा मातृसत्तात्मक समाज, नेपालमा राजतन्त्रको उत्पत्ति विकास र यसको भविष्य (अन्त्य), नेपाली समाजको ऐतिहासिक सर्वेक्षणको आवश्यकताका साथै उनले 'कम्युनिस्ट पार्टीको घोषणापत्र' नेपाली भाषामा अनुवाद गरेका थिए । साथै, नेपाल कम्युनिस्ट पार्टीको घोषणापत्र पनि उनले नै लेखेका हुन् । उनका लेख रचनाहरू नेपाली नागरिकलाई शिक्षित र जागरूक गर्ने खालको हुन्थ्यो ।

अन्तर्राष्ट्रिय समाजवादी र कम्युनिस्ट आन्दोलनहरूसँग पुष्पलालको सम्बन्ध रहेको छ । उनले मस्को र बेइजिङका सम्मेलनहरूमा भाग लिएका थिए । विश्वका शोषित, उत्पीडित जनताको पक्षमा संघर्षरत पार्टीहरूसँग उनको सम्बन्ध र ऐक्यवद्धता थियो । उनले नेपाली समाजको समाजवादी विचारधारा र सामाजिक परिवर्तनका लागि रणनीतिहरूबारे समेत चर्चा गर्न चुकेका थिएनन् । पुष्पलाल राजतन्त्रको प्रखर आलोचक थिए र नेपालमा गणतन्त्रको वकालत गर्ने पहिलो व्यक्ति पनि थिए । उनले सामन्ती शासनभन्दा जनताको हितलाई प्राथमिकता दिने राजनीतिक संरचनामा विश्वास गरेका थिए । उनले नयाँ जनवादी कार्यक्रम नेपाली जनताको एकमात्र मूलबाटो कार्यक्रम नै प्रस्तुत गरे ।

आफ्नो राजनीतिक जीवनकालभर पुष्पलालले नेपालमा पूर्ण प्रजातन्त्र (जनवाद) र समाजवादको आन्दोलनलाई बलियो बनाउन सामन्तीवाद इतर-शक्तिहरूको गठबन्धन बनाउने काम गरे । उनी नेपाली जनताको उत्थान, सामन्ती शासनको अन्त र गणतन्त्रको स्थापनाका लागि नेपालका सबै सामन्तीवाद इतर-शक्तिहरूको राजनीतिक पार्टीहरूमा कार्यगत एकताको पक्षमा थिए । त्यही अनुरूप उनले टंकप्रसाद आचार्यले नेतृत्व गरेको प्रजा परिषद्समेतको जातीय जनतान्त्रिक मोर्चा बनाउनदेखि सामन्तवादइतर अन्य राजनीतिक दलहरूलाई पनि संयुक्त आन्दोलनमा हिस्सा लिन उत्प्रेरणा गरेका थिए ।

पुष्पलालका विचार र सिद्धान्तले नेपालको राजनीतिक बहसलाई आज पनि निरन्तर प्रभाव पारिरहेको छ । अबको नेपाली जनताको मुक्तिमार्ग पुष्पलालको सिद्धान्त र नीतिबाहेक अर्को विकल्प छँदै छैन । आगामी पुस्ता र राजनीतिकर्मीहरूका लागि सामाजिक परिवर्तन र प्रगतिको दिशामा अग्रगतिमा बढ्न चाहनेहरूले पुष्पलालको सिद्धान्त र नीतिलाई प्रेरणा तथा मार्गदर्शनको स्रोतको रूपमा लिनु अत्यावश्यक छ । समग्रमा नेपालको राजनीतिक र वैचारिक परिदृश्यमा पुष्पलालको योगदान गहिरो र दूरगामी छ । नेपाल कम्युनिस्ट पार्टीका संस्थापक सदस्यहरूमध्ये एक र समाजवादी सिद्धान्तहरूको प्रखर अधिवक्ताको रूपमा पुष्पलालले सामाजिक कल्याण, आर्थिक समानता र श्रमिक वर्गको अधिकारको वरिपरि केन्द्रित राजनीतिक बहसका लागि आधार तयार पारेका थिए ।

यसबाहेक पुष्पलालको प्रभाव राजनीतिक आन्दोलनहरूमा प्रत्यक्ष संलग्नताका साथै दार्शनिक, राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिकलगायत नेपाली समाजमा वर्गहरूको स्थिति विश्लेषण मार्क्सवादी चिन्तनको आधारमा गरेको थियो । समाजवाद र नेपालको राजनीतिक परिदृश्यमा लेखिएका लेखहरूसहित उनका बौद्धिक योगदानले युवा कार्यकर्ता र बुद्धिजीवीहरूका लागि मार्गदर्शन गर्ने कार्य गरेको थियो र आज पनि गरिरहेको छ । उनले छाडेको विचारधारा आज पनि उत्तिकै सान्दर्भिक र समसामयिक छ । लोकतान्त्रिक मूल्यमान्यता, सामाजिक कल्याण र आर्थिक समानताका लागि उनको वकालतले नेपालमा वामपन्थी राजनीतिक दलहरूको नीति र प्राथमिकताहरूलाई आकार दिन ठूलो टेवा पुऱ्याएको छ ।

पुष्पलालको संयुक्त जनआन्दोलनको नीतिले नेपालमा सामन्ती राजतन्त्रको अन्त्य हुन पुगेको कुरा सबैले महसुस गरेकै हो । सामाजिक न्याय, समावेशी विकास र लोकतान्त्रिक शासन व्यवस्थाका लागि चलिरहेको आन्दोलनमा उनको स्थायी छाप कहिले पनि मेटिने छैन । उनको विरासतले अझ न्यायपूर्ण, समतामूलक र पूर्ण प्रजातान्त्रिक (जनवाद) समाजका लागि चलिरहेको संघर्षमा एउटा ठूलो कोसेढुंगाको रूपमा कार्य गरेको छ; जसले वर्तमान र भावी पुस्तालाई आफ्नो जीवनभरि एउटा प्रेरणादायक भूमिका निभाउन र पुष्पलाल देखाएको मार्गमा हिड्न संघर्ष गर्दै अगाडि बढ्ने प्रेरक बनोस् । *रासस*

*(लेखक पुष्पलाल जन्म शताब्दी समारोह समितिका सदस्य हुन्)*

## पत्र-मञ्जुषा

# गाउँका जमिन बाँझै, सहरमा छैन खाली ठाउँ !

अहिले भनिन्छ, 'गाउँ रित्तियो, राजधानीमा पाइला टेक्ने ठाउँ भएन ।' गाउँका खेतबारी बाँझै रहँदा काठमाडौं उपत्यकासहित जिल्लाका सदरमुकामहरूमा खाली जमिन भेटिनै मुस्किल छ । २०५० सालअघि उपत्यकाभित्र खेतीयोग्य जमिन प्रशस्तै थियो । जताततै खेतको फाँट वा बारीको पाटो थियो । त्यतिबेला आनाको १० हजारदेखि ५० हजारसम्ममा जग्गा किन्नुस् भन्दासमेत कोही किन्दैनथ्यो । मानिसहरू भन्थे, 'यहाँ जग्गा किनेर के गर्नु ?' । २०५० सालमा उपत्यकाभित्रैका खेतबारीमा धान, मकै, कोदोलगायत खाद्यान्न फलिरहेको देखिन्थ्यो । सो समयमा जग्गा प्लाटिङ वा खण्डीकरण हुँदैनथ्यो ।

बाहिरी जिल्लाबाट राजधानीमा कमाउन आएकाहरू पनि आफ्नो गाउँघर आउजाउ गरिरहन्थ्यो । यहाँ कमाएको पैसा गाउँ लग्थे । अनि गाउँमा घर बनाउनेदेखि गोरु, भैंसी वा खेतबारी किन्ने, छोराछोरीको बिहे गर्नेजस्ता काम गर्थे । त्यतिबेला सबैलाई आफ्नै गाउँघर प्यारो थियो । कमाउनेको लागि सहर आउँथे तर गाउँघर गइरहन्थे । आफ्नो जन्मथलो छोड्नुहन्न, धर्म, संस्कृति बिर्सनुहुन्न, बाउबाजेको सम्पत्ति बेच्नुहुन्न वा खेतबारी बाँझो राख्नुहुन्न भन्ने त्यतिबेला मान्यता थियो । त्यतिखेर धेरै जिल्लामा बत्ती, सडक, विद्यालय, अस्पताल थिएन । तैपनि मानिसहरू आफ्नो गाउँ छोड्न तयार थिएनन् । बरु उनीहरू टुकी बत्ती बालेर बस्थे ।

यातायात सुविधा नभए पनि डोकोमा बिरामी बोकेर सहरमा उपचारका लागि ल्याउँथे । गाउँमा सेवासुविधा केही नभए पनि त्यतिबेला मानिसहरूलाई आफ्नै जन्मथलो प्यारो थियो । आफ्नो जन्मथलो छोड्नुहुन्न भन्ने मानिसहरूको सोचाइ थियो । गाउँमा मकै, कोदोको ढिलो खाएर भएपनि मानिसहरूले जीविकोपार्जन गर्थे ।

कसैलाई दुःखसुख परेमा गाउँभरका मानिसहरू एकजुट हुन्थे । कसैको घरमा बिहे भएमा गाउँभर हल्ला चल्थ्यो । गाउँघरका मानिसहरू बिहेमा सामेल हुन्थे र रमाउँथे । त्यस्तै, कसैको घरमा कोही बितेमा गाउँघर शोक हुन्थे । त्यतिबेला मानिसहरू एकअर्काको दुःख र सुखमा गाभिन्थे । कसैलाई पनि धनसम्पत्तिको लोभ थिएन ।

खुसी नै सबैभन्दा ठूलो थियो । गाउँमा जे उत्पादन हुन्थ्यो, त्यही खाएर मानिसहरू बाँचिरहेका थिए । अहिलेजस्तो मोबाइल कसैको पनि हातमा थिएन र कसैलाई आवश्यक पनि थिएन । अहिले पनि बाटोमा कुकुरहरू यत्तिकै भेटिन्छन् । तर, ती कुकुरहरू आफ्नो टोल वा बसिरहेको ठाउँबाहेक अन्य ठाउँ जाँदैनन् ।

गाउँमा भएका आफ्ना घरजग्गा त्यत्तिकै छोडेर मानिसहरू जिल्लाको सदरमुकाम वा राजधानी बस्न आइपुगे । गाउँ फर्किने बाटो नभएपछि पैसा भएकाहरूले उपत्यका वा सदरमुकाममै घडेरी किने । माओवादी र सुरक्षाकर्मीले नलखेटेको भए त्यो पैसाले मानिसहरूले आफ्नै गाउँमै घडेरी किन्थे ।

तर, गाउँमा बस्ने स्थिति नरहेपछि मानिसहरूले अन्य जिल्लामा गएर घडेरी किने । त्यो पनि उपत्यकासहित जिल्लाको सदरमुकाममा । यसरी गाउँको जमिन बाँझै रहिरहँदा उपत्यका र सदरमुकाममा जग्गाको मूल्य हवात्तै बढ्यो । सोही बेलामा दलालीहरूको पनि उत्पत्ति हुन पुग्यो । तिनीहरूले जग्गा खण्डीकरण सुरु गरे । अनि रोपनीको ५० हजारमा बिक्री नभएको जग्गा आनाकै लाखौंमा खरिद बिक्री भयो ।

गाउँका खेतबारी बाँझो छ । तर, हामी विदेशबाट खाद्यान्न आयात गरेर खान बाध्य गर्छौं । यो अवस्था किन र कसरी आयो ? सरोकारवाला नेताहरूले जवाफ दिनैपर्छ ।

**–रुषा थापा, भक्तपुर**

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online




**कर्णाली मौलिक बाजा** | राष्ट्रिय लोक तथा दोहरी गीत प्रतिष्ठान, प्रदेश कार्यसमिति कर्णालीले सुर्खेतको वीरेन्द्रनगरमा आयोजना गरेको प्रथम कर्णाली सांस्कृतिक सम्मेलन–२०८१ मा प्रदर्शनीमा राखिएको कर्णाली मौलिक बाजा । *तस्बिर: सुरेश आचार्य/रासस*

# सुदूरपश्चिममा डेंगी र स्क्रबटाइफसविरुद्ध अभियान जारी

**बैतडी–** सुदूरपश्चिम प्रदेशमा डेंगी र स्क्रबटाइफसका बिरामी बढेपछि त्यसविरुद्ध अभियान थालिएको छ । गएको माघयता यहाँ ११६ जनामा डेंगी तथा ४०९ जनामा स्क्रबटाइफस संक्रमण पुष्टि भएपछि प्रदेश सरकारले अभियान थालेको हो ।

सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार प्रदेशमा सबैभन्दा बढी स्क्रबटाइफसका बिरामी डडेलधुरामा १९१ जना छन् । कैलालीमा ८२, अछाममा ४७, दार्चुलामा ३२, डोटीमा २५, कञ्चनपुरमा १७, बैतडीमा सात, बझाङमा सात र बाजुरामा एकजना संक्रमितको अभिलेखीकरण भएको छ । यसैगरी, डोटीमा २७, कञ्चनपुरमा २६, अछाममा २३, कैलालीमा १९, बाजुरामा १२, बझाङमा पाँच, दार्चुला तीन, डडेलधुरा एकजनामा डेंगी संक्रमण फेला परेको छ ।

बर्सात सुरु भएसँगै डेंगी र स्क्रबटाइफसका बिरामी बढ्दै जान थालेका निर्देशनालयका भेक्टर कन्ट्रोल अधिकृत हेमराज जोशीले




बताए । लामखुट्टेको टोकाइबाट लाग्ने डेंगीको संक्रमण सुदूरपश्चिमका पहाडी जिल्लामा बढ्दै गएको छ । उनले भने, 'वर्षा सुरु भएसँगै पहाडका साथै तराईमा पनि संक्रमणको जोखिम बढेको छ । तराईमा अत्यधिक गर्मीका कारण लामखुट्टे कम देखिएका थिए अब पानी परेर लामखुट्टे बढ्ने र संक्रमणको जोखिम उच्च हुने छ ।' पछिल्ला केही वर्षयता सुदूरपश्चिम पहाडका साथै तराईका जिल्लामा एकैसाथ संक्रमण देखिन थालेको बताए ।

बिरामी भएर अस्पताल र स्वास्थ्य संस्थामा आएका व्यक्तिहरूको परीक्षण गर्दा डेंगी र स्क्रबटाइफस देखापर्ने गरेको हो । परीक्षण नगराएका व्यक्तिहरूमासमेत डेंगी र स्क्रब टाइफसको संक्रमण हुन सक्ने भएकाले सावधानी अपनाउन आग्रह गरिएको जिल्ला स्वास्थ्य कार्यालय बैतडीका प्रमुख तीर्थराज भट्टले बताए । वर्षा सुरु भएसँगै पछिल्लो समय डेंगी र स्क्रबटाइफसका बिरामी देखिन थालेपछि यस जोखिम पनि बढ्दै गएको छ । उनले भने, 'तराईका साथै पहाडमा पनि डेंगी र स्क्रबटाइफसको जोखिम बढ्दै गएको छ, बर्सातको समयमा विशेष ख्याल गर्नुपर्छ ।' *रासस*

# सहज बन्दै बेनीका सडक

■ **सन्तोष गौतम**



**म्याग्दी–** बेनी नगरपालिका-९ जम्रेनीका डण्डपानी सुवेदीले कच्ची सडकको सकसपूर्ण यात्रा अझै भुलेका छैनन् । 'घर अगाडिको बेनी-पाखापानी सडक हुँदै बेनी आउन, काम गर्न र फर्कन करिब दुई घण्टा पैदलयात्रा गर्नु पर्दथ्यो । हिजोआज जम्रेनीबाट १० मिनेटमै बेनी पुगिन्छ,' उनले भने, 'वि.सं. २०५८ तिर खनेको सडकमा २०६५ देखि गाडी चल्न थालेका थिए । गाडी चढेर अर्थुंगेको बाटो घुमेर भन्दा छिटो हिँडेर बेनी पुगिने भएकाले पैदलयात्रा गर्दथ्यौं ।'

बेनी-पाखापानी सडकको बेनीदेखि अर्थुंगे हुँदै जम्रेनीसम्मको सडक स्तरोन्नति भएपछि पैदल हिँड्न छाडेर गाडीमा यात्रा गर्न थालेको सुवेदीले बताए । जम्रेनीका दण्डपानीजस्तै बेनी नगरपालिकाको ग्रामीण क्षेत्रका सडक स्तरोन्नति हुन थालेपछि सहज यातायात सेवामा नागरिकको पहुँच बढेको छ । मार्गमात्र खुलेका सडकको ग्रेड र घुम्ती मिलेका थिएनन् ।

सडक साँघुरा थिए । यात्राका क्रममा जोखिम र सास्ती दुवै थियो । त्यसकारण बेनी बजार आसपासका बासिन्दा सवारीसाधनको प्रयोग कमै गर्दथे । हिउँदमा धुलाम्मे र बर्खामा हिलाम्मे हुने यहाँको सडकको समस्या थियो । स्थानीय तह, प्रदेश र संघीय सरकारको लगानीमा सडक ढलान, कालोपत्र, सोलिङ र ग्राभेल हुन थालेपछि कृषि उपज निकासी, आवतजावत, निर्माण र दैनिक उपभोग्य सामग्री ढुवानी गर्न सहज भएको हो । सडक यातायातको सुविधाका कारण बेनी नगरपालिको भकिम्लीको राखु, मरेक, बास्कुना, थामडाँडाका किसानले उत्पादन गरेको सुन्तलाले बजार पाएको छ ।

गत याममा सिंगाको बास्कुना, सुर्केमेला र थामडाँडाबाट एक करोड पाँच लाख रूपैयाँ र राखु मरेकबाट एक करोड ५० लाख रूपैयाँ मूल्यबराबरको सुन्तला निकासी भएको किसान रहेका बेनी नगरपालिका-४ का वडा सदस्य सन्दिप खत्रीले बताए ।

सिंगा र बास्कुनाबाट दैनिक ५०० लिटरका दरले बेनीमा दूध निकासी हुने गर्छ । सडक स्तरोन्नति हुन थालेपछि यात्राअवधि छोटिएको, आवतजावत गर्न सहज भएको र ग्रामीण क्षेत्रमा सम्भावना, अवसर सिर्जना भएको बेनी नगरपालिका-४ सिंगा तातोपानीका लोकनाथ आचार्यले बताए ।

बेनी नगरपालिकाले यस वर्ष उपल्लो तातोपानी बजारसहित छ वटा सडक स्तरोन्नतिका लागि ठेक्कामार्फत योजना कार्यान्वयन गरेको छ । बेनी बजारमा उपभोक्ता समितिमार्फत सडक कालोपत्र भएको छ । तीनवटा योजना योजना सम्पन्न भइसकेका र तीनवटा निर्माणको अन्तिम चरणमा रहेको बेनी नगरपालिकाका इञ्जिनियर सुदिप गौतमले जानकारी दिए ।

यी आयोजनाबाट दुई किलोमिटरभन्दा बढी सडक कालोपत्र र ढलान हुने इञ्जिनियर गौतमले बताए ।

उपभोक्ता समितिमार्फत सञ्चालित ६० वटा सडक योजनाका लागि बेनी नगरपालिकाले चालु आर्थिक वर्षमा दुई करोड रूपैयाँ बजेट विनियोजन गरेको थियो । पाँच करोड रूपैयाँ बजेट विनियोजन भएको छ वटा ठेक्कामार्फत कार्यान्वयन भएका सडक योजनाको निर्माण कम्पनीसँग तीन करोड ३६ लाख रूपैयाँमा सम्झौता भएको थियो । बेनी नगरपालिकाका प्रमुख सुरत केसीले वडाका मुख्य बस्ती जोड्ने सडकमा बाह्रै महिना नियमित यातायात सञ्चालन हुने बनाउने र बजार क्षेत्रका सडक कालोपत्र गर्ने योजनालाई प्राथमिकता दिएको बताए ।

'राष्ट्रिय राजमार्ग र प्रदेश सरकारले काम गरिरहेकोबाहेकका सडकलाई नगरपालिकाले स्तरोन्नतिमा जोड दिएको छ,' उनले भने, 'नगरपालिकाको प्राथमिकता प्राप्त बेनी-पाखापानी सडक आयोजनाअन्तर्गत बेनीदेखि अर्थुंगे हुँदै जम्रेनीसम्म यसै वर्षभित्र कालोपत्र र ढलान गर्ने लक्ष्यका साथ काम भइरहेको छ ।'

योजनाको गुणस्तर कायम गर्न नियमित अनुगमन गरी प्रभावकारी बनाउनेतर्फ जोड दिएको नगरपालिकाकी उपप्रमुख ज्योति लामिछानेले बताइन् । 'नगरपालिकाबाट नियमित अनगुमन गर्छौं, हरेक वडमा प्राविधिक जनशक्ति व्यवस्थापन गरेका छौं,' उनले भनिन्, 'उपभोक्ता र निर्माण व्यवसायीमार्फत कार्यान्वयन हुने सबै योजनालाई गुणस्तरीय बनाउने कार्यमा हामी प्रयासरत छौं ।'

साना योजनालाई उपभोक्ता समिति र ठूला योजनालाई ठेक्कामार्फत कार्यान्वयन गरिएको प्रमुख प्रशासकीय अधिकृत नेत्रप्रसाद पौडेलले बताए । नगरपालिकाले पाँच लाखभन्दा माथिका योजनालाई नगरपालिकाबाट र अन्य योजनालाई वडाबाटै सम्झौता र कार्यान्वयन गरेको छ । बेनी नगरपालिकाको ६, ९, १० हुँदै रघुगंगा गाउँपालिकाको ५, ६ र ८ नम्बर वडालाई जिल्ला सदरमुकाम बेनी बजारसँग जोड्ने बेनी-पाखापानी सडक स्तरोन्नति गर्ने योजनालाई बेनी नगरपालिकाले प्राथमिकताका साथ निरन्तरता दिएको छ ।

संघीय सरकारअन्तर्गत सडक डिभिजन कार्यालय बागलुङमार्फत बेनी नगरपालिका-१ रत्नेचौरको उपल्लाचौरदेखि अर्जम, वडा नं २ को ज्यामरुककोट, स्यानालेक, तोराखेत हुँदै वडा नं ३ भकिम्ली जोड्ने सडक स्तरोन्नतिको चरणमा छ । राष्ट्रिय गौरवको कालीगण्डकी कोरिडोर, बेनी-जोमसोम-कोरला सडक आयोजनाले बेनी नगरपालिका ८ कालिपुलको सडक अक्सफाल्ट प्रविधिको कालोपत्र गर्न रु एक करोड बजेट विनियोजन गरेर ठेक्का आह्वान गरेको छ । म्याग्दी प्रवेश गर्ने कालीगण्डकी मोटरेबल पुलदेखि पर्वत बगरफाँट जोड्ने बेलिब्रिज सम्मको सडक कालोपत्र गर्न लागिएको आयोजना प्रमुख ध्रुवकुमार झाले बताए । बेनी-जोमसोम-कोरला सडकअन्तर्गत बेनी नगरपालिका-८ कालीपुलबाट वडा नं ९ गलेश्वर जोड्ने दुई किलोमिटर १०२ मिटर बेनी-गलेश्वर खण्डमा गत पुस महिनामा डिबिएसडी प्रविधिको कालोपत्र गरिएको थियो ।

बेनी नगरपालिकामा गण्डकी प्रदेश सरकारमार्फत यस वर्ष दुईवटा ठूला सडक आयोजना कार्यान्वयन थालिएको छ । रु १० करोडको लागतमा बेनी-पाखापानी सडकको भुतेदैला-नेप्टेचौर-तोरीपानी र पाँच करोड ५९ लाख रूपैयाँको लागतमा बेनी-भकिम्ली सडकको बगरफाँट-दूधेखोला-हल्लेगौंडा क्षेत्रमा स्तरोन्नति गर्ने आयोजना सुरु भएको हो । गण्डकी प्रदेश सरकारले पूर्वाधार विकास कार्यालय म्याग्दीमार्फत कार्यान्वयन हुनेगरी १२ वटा योजनालाई चार करोड १० लाख रूपैयाँ विनियोजन भएको थियो । अधिकांश योजना निर्माण सकिएका र केही सम्पन्न हुने चरणमा रहेका पूर्वाधार विकास कार्यालयले जनाएको छ । *रासस*

## आदेखि निकुञ्ज सफारी बन्द हुने

**चितवन (प्रस)–** वर्षा लागेसँगै चितवन राष्ट्रिय निकुञ्जमा आजदेखि सफारी बन्द हुने भएको छ । निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुर्जा पुनले मनसुन सुरु भएसँगै निकुञ्जभित्रका कच्ची वनपथ बिग्रने, जंगलमा भएका स-साना खोला खोल्सामा बाढी आउने तथा रूख लडेर बाटो अवरुद्ध हुनसक्ने भएकाले गतिविधिमा रोक लगाउन लागिएको बताए ।

निकुञ्जले हरेक वर्ष वर्षात्को समयमा यस्ता गतिविधि बन्द गर्ने गर्दछ । गत वर्ष असार १ गतेदेखि नै बन्द गरिएकामा यस वर्ष अर्को सूचना जारी नभएसम्मका लागि पर्यटकीय गतिविधि बन्द गर्न लागिएको पुर्जा पुनले जानकारी दिए । निकुञ्जभित्रका गतिविधि बन्द भए पनि यहाँ आउने पर्यटकले मध्यवर्ती सामुदायिक वनमा हात्ती, जिप, पैदल सफारी गर्नसक्ने छन् ।

**शहीदनगर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**यद्धुकुहा, धनुषा**
**मधेश प्रदेश, नेपाल**

### शहीदनगर नगरपालिकाद्धारा जनहितमा जारी सन्देश

१ हावाहुरी चलेको तथा धेरै पानी परेको अवस्थामा अत्यावश्यक काम नपरी घरबाट बाहिर ननिस्कने ।
२ हावाहुरीको क्षतीबाट घर गोठलाई बचाउन त्यसको संरचना बलियो बनाउने ।
३ फुसबाट घरको छाना बनाइएको भए 'ग्याबिनको तार' र जस्तापाताको छाना भए 'जे हुक' ले राम्ररी कसेर बाँध्ने ।
४ घरको छतमा गमला, ढुंगा तथा ईंटा जस्ता सामाग्रीलाई खुला नराख्ने, फलामको रेलिङ बनाई वा बाँधेर ब्यवस्थित तरिकाले राख्ने ।
५ ठूलो वर्षात, हावा हुरी वा चट्याङ परेको समयमा घरको झ्यालढोका राम्रोसंग बन्द गरेर घरभित्र बस्ने ।
६ घरमा बाल बच्चा छन भने उनीहरुलाई हावाहुरी तथा वर्षातको सामान्य ज्ञान दिनुका साथै जथाभावी घर बाहिर जान नदिने ।
७ गाडी, मोटरसाइकल वा साइकल चलाइरहेको बेला बर्षात भएमा वा हावाहुरी चलेमा सुरक्षित स्थानको खोजी गरि सतर्क बस्ने ।
८ बजार क्षेत्र वा भिडभाडमा भएको बेला हावाहुरी चलेमा भागदौड नगरी बिस्तारै सुरक्षित स्थान तिर जाने ।
९ हावाहुरी चल्ने तथा वर्षातको समय भएकाले आफ्नो वरपरको वातावरणलाई निगरानी गरिराख्ने ।
१० हावाहुरी चल्दा वा चट्याङ पर्ने अवस्थामा रुखमुनि र कमजोर भौतिक संरचना भएको स्थानमा नबस्ने ।
११ वर्षातको समयमा बाढी पहिरोको जोखिम हुने भएकाले बाढी पहिरो आउन सक्ने स्थान तर्फ नजाने ।
१२ केही लामो समयसम्म टिक्ने खाद्य सामग्रीहरुको एकै पटक ब्यवस्था गरि घरमा राख्ने ।
१३ घरमा प्राथमिक उपचारको निम्ति चाहिने सामाग्री राख्ने ।
१४ आफ्नो घरमा भएका पाल्तु जनावरलाई आइपरेको समयमा कसरी हेरबिचार गर्ने भन्ने कुराको योजना बनाउने ।
१५ स्थानीय अधिकारीहरूबाट प्राप्त भएका उद्धार आदेश र निर्देशनहरूको पालना गर्ने ।
१६ स्थानीय समाचार अपडेटहरू र आपतकालीन प्रसारणहरू मार्फत जानकारी राख्ने ।


**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : SAHM ARABIAN CONTRACTING ONE PERSON CO.

पूर्व स्वीकृति मिति २०८१/०३/१४ | LT No :306990 | चलानी नं. ६०२२१६८६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY TRUCK DRIVER | 5 | 0 | 1800 | ६३,९८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २३ गते (71st July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GREAT NEPAL H.R PVT.LTD.
Chundevi-04, Kathmandu, Nepal, Ph. No: 01-4547074, Mobile: 9705000220, 9705000221
E-mail : infogreatnepalhr@gmail.com, Web: www.greatnepalhr.com.np
Govt. License No. 1688/080/081

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : FIRST IDEA FOUNDATION FOR SELLING FOODSTUFFS

पूर्व स्वीकृति मिति २०८१/०३/१४ | LT. No. 306893 | चलानी नं. ६०२२१६८९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Baker | 1 | 0 | 1800 | ६३,९६५ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Load and Unload worker | 1 | 0 | 1200 | ४२,६४३ | | | | | | | |

कम्पनी : JALSAT AL-REEF RESTAURANT FOR MEALS

पूर्व स्वीकृति मिति २०८१/०३/१४ | LT. No. 306943 | चलानी नं. ६०२२१६९०

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | food and beverage counter worker | 3 | 0 | 1200 | ४२,६४३ | क.नि.अनुसार | ८ घण्टा | ६ दिन | क.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | sweets maker | 1 | 0 | 1500 | ५३,३०४ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार २३ गते (7th July 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Al Kausar Human Resource Pvt.Ltd. (Makawanpur Overseas Pvt. Ltd.)
श्रम ईजाजत नं.११४२/०७३/०७४ Gairigaun - Tinkune, Kathmandu, Nepal Tel: +977 1 4442794, E-mail : alkausar.hrm@gmail.com




## कमेडी च्याम्पियन सिजन-३ को उपाधि सुनिल खड्कालाई

रियालिटी शो कमेडी च्याम्पियन सिजन ३ को उपाधि काठमाडौंका सुनिल खड्काले जितेका छन् । शनिबार भएको ग्राण्ड फिनालेमा ऋषभ काफ्ले र सुयशा खनाललाई पछि पार्दै उनी कमेडी च्याम्पियन बनेका हुन् । उनले नगद २५ लाख रूपैयाँ र एक विद्युतीय गाडी पाउनेछन् । सुनसरीका काफ्ले फस्ट रनर अप बन्दा नवलपरासीकी खनाल सेकेण्ड रनर अप भइन् । फर्स्ट रनर अप काफ्लेले स्कुटर पाउनेछन् । त्यस्तै फाइनलमा पुगेका तीनै जनाको १५/१५ लाख रूपैयाँको जीवन बीमा पनि भएको छ ।





# अन्तर्राष्ट्रिय एक्सिलेन्स अवार्डमा कलाकर्मी सम्मानित



**काठमाडौं (प्रस)–** बलिउडकी लोकप्रिय नायिका जयाप्रद्धाको उपस्थितिमा रेडिसन होटल काठमाडौंमा छैठौ अन्तर्राष्ट्रिय इक्सिलेन्स अवार्ड २०२४ सम्पन्न भएको छ ।

बरिष्ठ अभिनेत्री भुवन चन्द, बसुन्धरा भुसाल, संगीतकार राजु सिंह, शम्भुजीत बास्कोटा, चलचित्र बिकास बोर्डका अध्यक्ष भुवन केसी लगायत बिभिन्न क्षेत्रका बिशिष्ट व्यक्तित्वहरूको उल्लेखनीय उपस्थिति रहेको कार्यक्रममा बिभिन्न व्यक्तित्वहरू सम्मानित भएका छन् । जसमा नायिका तेजुला खतिवडा 'बेष्ट एक्टर अफ नेपाल भर्सस्टाइल' सम्मान हात पार्न सफल भईन भने गोपाल ढकाल 'छन्दे' बेष्ट कमेडियन एक्टर अफ नेपाल र सुनिल कटुवाल उत्कृष्ट चरित्र अभिनेताको सम्मानबाट सम्मानित भएका छन् । नेपाल र भारतको संयुक्त आयोजनामा सम्पन्न कार्यक्रमलाई सञ्चारकर्मी दिनेश डिसिले सहजीकरण गरेका थिए ।

# 'छैटौं सगरमाथा म्युजिक अवार्ड' सम्पन्न

■ प्रभाव संवाददाता



**काठमाडौं–** छैटौं 'सगरमाथा म्युजिक अवार्ड २०८१'को थाइल्यान्डमा बाँडिएको छ । नेपाली कला र स्रष्टाको सम्मान, नेपाली संस्कृति संरक्षण र प्रवर्द्धन हाम्रो अभियान भन्ने मूल नाराका साथ अर्थ नेपाल प्रालिको आयोजनामा थाइल्यान्डको बैंकक सहरमा अवार्ड वितरण गरिएको हो । कार्यक्रममा विभिन्न विधामा कलाकार, पत्रकार तथा समाजसेवीहरूलाई सम्मान र अवार्ड समेत प्रदान गरिएको थियो । आरएनए थाइल्यान्डका अध्यक्ष भविन्द्र बस्नेत र एनआरएनए थाइल्यान्डका सल्लाहकार डेभिड खनाल र नेपाल एयरलाइन्सका कन्ट्री म्यानेजर दामोदर मिश्र अतिथि रहेको कार्यक्रममा १३ जनालाई अवार्ड र पाँच जनालाई सम्मान प्रदान गरियो ।

कार्यक्रम प्रमुख पुरुषोत्तम बस्नेतका अनुसार सर्वोत्कृष्ट लोकदोहोरी गायकको अवार्ड फुलको माला गीतबाट उद्धव कार्कीले तथा सोही विधाको जुरी अवार्ड भाग्यमा बिछोड गीतबाट राजु सापकोटालाई प्रदान गरियो । पप आधुनिक गायकको अवार्ड जुनमायाको पूजा गरे गीतमा नारायण थापा, सर्वोत्कृष्ट लोकदोहोरी गायिकाको अवार्ड सोल्टिनीको रेशमी केश गीतमा तृष्णा घर्तीमगर, यसै विधामा जुरी अवार्ड मुस्कानै मिठो गीतबाट सीमा थापा, लोक पप गायिकाको अवार्ड चुम्पा चपक्कै गीतबाट सुमी पराजुली, लोकपप गायकको अवार्ड उमेर सत्र भयो गीतबाट राजेश बर्देवा, पप आधुनिक युगल गायनको अवार्ड मलाई मन परेको मान्छेबाट दीपक चौलागाईले प्राप्त गरे ।

त्यस्तै नवप्रतिभा गायनमा मलाई तिमी हौ गीतबाट रोम श्रेष्ठले अवार्ड पाएका छन् । आधुनिक महिला मोडलको अवार्ड माया गरेउ गीतबाट प्रतिक्षा काफ्ले, पप महिला मोडलको अवार्ड कसम होला गीतबाट दिया जिसी, नव मोडल महिलामा कास्कीको फेवातालबाट मुना भुर्तेल, नव मोडल पुरुषमा जिन्दगानी छोटो छ गीतबाट प्रताप मर्दन बस्न्यातले अवार्ड जितेका छन् ।

कार्यक्रममा सगरमाथा कला सम्मानबाट कलाकार सविना आचार्य, सोनिया राई र गायक विकी सिन्चौरी सम्मानित भए । सिन्चौरी थाई नागरिक भए पनि नेपाली गीत गाएर चर्चामा आएका थिए । त्यस्तै सगरमाथा आर्थिक पत्रकारिता अवार्ड अर्थ सरोकार डटकमका पत्रकार सरोज प्याकुरेललाई प्रदान गरियो । सगरमाथा आर्थिक पत्रकारिता सम्मानबाट सुदर्शन श्रेष्ठ र सगरमाथा सम्मानबाट हेमेन्द्र घर्तीमगर सम्मानित भए ।

कार्यक्रममा बोल्दै प्रमुख अतिथि बस्नेतले नेपाली कला र संस्कृतिलाई विश्वमा फैलाउन यस्ता कार्यक्रमहरूले महत्वपूर्ण योगदान गर्ने बताए ।

महालक्ष्मी विकास बैङ्क र ज्योति विकास बैङ्कले प्रायोजन गरेको छैटौं सगरमाथा म्युजिक अवार्डमा लाइफ टाइम अचिभमेन्ट अवार्डबाट वरिष्ठ गीतकार कालीप्रसाद रिजाल, सगरमाथा रजतकला पत्रकारिता सम्मानबाट रमण घिमिरे सम्मानित हुने कार्यक्रम संयोजक मनोज थापाले जानकारी दिए । अवार्ड प्रदान गर्न बाँकी रहेका राष्ट्रिय, चलचित्र, पप-आधुनिक र लोकदोहोरी लगायत अन्य विधाका विजेताहरूलाई काठमाडौंमा विशेष कार्यक्रम गरी प्रदान गरिने आयोजकले जनाएको छ ।

# पहिलो एग्रिकल्चर गेम रियालिटी शोको आवेदन खुला

**काठमाडौं (प्रस)–** पहिलो एग्रिकल्चर गेम रियालिटी शो 'र' को प्रतियोगी आवेदन खुला गरिएको छ । शनिबार राष्ट्रिय धान दिवसको अवसर पारेर एक समारोहबिच धान रोपाइँ उत्सव मनाउँदै कृषि, उद्यमशीलता र जलवायु परिवर्तनलाई मुख्य आधारशिला बनाएको प्रतियोगिताको आवेदन खुला गरिएको छ ।

तिनै तहका सरकारहरूसँग साझेदारी गर्दै हालसम्म, विभिन्न स्थानीय सरकारहरू, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, र त्रिभुवन विश्वविद्यालयको कृषि तथा पशु विज्ञान अध्ययन संस्थान लगायतसँग साझेदारी भएको छ ।

हिमालय टेलिभिजनबाट प्रसारण हुने यस कार्यक्रमको होस्ट महानायक राजेश हमाल रहेका छन् । व्यावसायिक किसान र बीएससी कृषि वा सो सरह अध्ययन गरेका व्यक्तिहरूले आवेदन दिन सक्छन् भने कार्यक्रममा १६ वटा विषयगत एपिसोडहरू हुनेछन्, जसमा सहभागीहरूको प्रस्तुतिलाई निर्णायकहरूको प्यानलले मूल्याङ्कन गर्नेछ । निर्णायकहरूको प्यानलमा कृषि मन्त्रालयका पूर्व सचिव डा. योगेन्द्रकुमार कार्की, कृषि अर्थशास्त्री डा. नम्रता पाण्डे र अन्य विषय विज्ञहरू छन् ।

'र' एक बेजोड° रियालिटी गेम शो हो, जुन कृषि उद्यमशीलतालाई प्रवर्द्धन गर्दै समुन्नत समाज निर्माणको दृष्टिकोणका साथ ल्याइएको छ । यस कार्यक्रम कृषि उद्यमशीलता र जलवायु परिवर्तनलाई मुख्य विषयवस्तु बनाएर कृषिलाई सम्मानित पेसाको रूपमा स्थापित गरि किसानलाई सम्मानजनक पहिचान दिने उद्देश्य अनुरूप प्रस्तुत गरिएको छ ।

कृषक र कृषि प्राविधिक यस शो मा प्रतियोगी रहने छन् जसमा दिगो र नवीन कृषि अभ्यासहरू प्रवर्द्धन गर्दै, उनीहरूको कृषि सम्बन्धी ज्ञान, रचनात्मकता र कौशलको परीक्षण गरिने छ ।

## रंगशाला

### साहना प्रधान स्मृति भलिबल

# पुरुषमा गण्डकी र महिलामा बागमती च्याम्पियन

■ प्रभाव संवाददाता



**काठमाडौं–** लुम्बिनी प्रदेशलाई ३-१ को सोझो सेटमा पराजित गर्दै गण्डकी प्रदेश पुरुष टिम प्रथम सहाना प्रधान यू-१९ महिला तथा पुरुष भलिबल प्रतियोगिताको च्याम्पियन बनेको छ । त्रिपुरेश्वरस्थित दशरथ रंगशाला कभर्डहलमा शनिबार गण्डकीले लुम्बिनीलाई फाइनल खेलमा २५-१५,२०-२५, २५-२० र २५-२० ले पराजित गरेको हो ।

महिलातर्फको शनिबार नै भएको फाइनल खेलमा बागमती प्रदेशले लुम्बिनी प्रदेशलाई ३-० को सेटले पराजित गर्दै उपाधि जितेको छ । प्रतियोगिताको महिला र पुरुष दुबैतर्फका बिजेताले ३ लाख, उपबिजेताले २ लाख र तेस्रो हुनेले १ लाख रूपैयाँ पाउनेछन् ।

यस्तै उत्कृष्ट खेलाडीले २५ हजार र विधागत उत्कृष्ट हुनेले जनही १० हजार रूपैयाँ पाउनेछन् ।

### जेनिशा र विश्वास सर्वोत्कृष्ट

प्रतियोगितामा महिलातर्फ बागमती प्रदेशकी जेनिशा विश्वकर्मा र पुरुषतर्फ गण्डकी प्रदेशका विश्वास अधिकारी सर्वोत्कृष्ट खेलाडी चुनिएका छन् ।

दुवै सर्वोत्कृष्ट खेलाडीले जनही २५ हजार, ट्रफी र मेडल प्राप्त गरे । महिलातर्फ उत्कृष्ट लिबेरो बागमती प्रदेशकी लिबेरो अन्जिला प्रधान र पुरुषतर्फ गण्डकी प्रदेशका जीतबहादुर सार्कीले जिते । दुवैले १० हजार पुरस्कार र ट्रफी प्राप्त गरे ।

उत्कृष्ट सेटरमा महिलातर्फ बागमतीकै भावना तामाङ र पुरुषतर्फ लुम्बिनी प्रदेशका दिपेश कुँवरले जिते । दुवैले १० हजार पुरस्कार र ट्रफी प्राप्त गरे ।

उत्कृष्ट सर्भर महिलातर्फ गण्डकी प्रदेशकी सोइङ थापाले जितिन् । पुरुषतर्फ भने गण्डकी प्रदेशका सूर्य बिकले जिते । दुवै खेलाडीले १० हजार पुरस्कार र ट्रफी प्राप्त गरे । उत्कृष्ट स्पाइकर महिलातर्फ बागमतीकी सलिना बुढा मगर र पुरुषतर्फ लुम्बिनी प्रदेशका सागर रसौलीले जिते । यो विधामा पनि दुवैले १० हजार पुरस्कार र ट्रफी प्राप्त गरे ।

उत्कृष्ट ब्लकर महिलातर्फ लुम्बिनी प्रदेशकी निशा चौधरी भइन् भने पुरुषतर्फ सुदूरपश्चिम प्रदेशका अर्जुन नेपालीले जिते । दुवैले १० हजार पुरस्कार र ट्रफी प्राप्त गरे । शनिबार नै तेस्रो स्थानका लागि भएको खेलमा पुरुषतर्फ सुदूरपश्चिम प्रदेशले बागमतीलाई हराएको हो । महिलातर्फ गण्डकी प्रदेशले कोशी प्रदेशलाई हराउँदै तेस्रो भयो । गण्डकीले १ लाख पुरस्कार र मेडल प्राप्त गर्‍यो ।

# नेपालले फोर नेसन्स कप नखेल्ने

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपालले लेवनानमा हुने भनिएको अन्तर्राष्ट्रिय महिला फुटबल प्रतियोगिता नखेल्ने भएको छ ।

लेवनानको वर्तमान सुरक्षा व्यवसथ्लाई मध्यनजर गर्दै नेपालले प्रतियोगिताबाट नाम फिर्ता लिएको अखेल नेपाल फुटबल संघ (एन्फा)ले शुक्रबार विज्ञप्तीमार्फत जानकारी दिएको छ । यही जुलाई ८ देखि १८ सम्म लेवानानमा चार देशिय प्रतियोगिता हुने तालिका थियो । तर सुरक्षाकै कारण देखाउँदै बंगलादेशले यसअघि नै नाम फिर्ता लिइसकेको छ ।

'लेबनानमा विकसित भएको पछिल्लो घटनाक्रम र राष्ट्रिय टोलीका खेलाडी तथा अन्य सदस्यहरूको सुरक्षालाई मध्यनजर गर्दै एन्फाले लेवनानमा जुलाई ८ देखि १६ सम्म हुने महिला अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग नलिने निर्णय लिएको छ,' एन्फाले विज्ञप्तीमा भनेको छ ।

चारदेशिय प्रतियोगिताका लागि नेपालले बन्द्र प्रशिक्षण गरिरहेको थियो भने मुख्य प्रशिक्षक राजेन्द्र तामाङले २२ सदस्यीय अन्तिम टोली समेत घोषणा गरिसकेको थियो ।

एन्फाले छिटै नेपाली महिला टोलीलाई अर्को अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउन संघ तत्पर रहेको जनाएको छ । साथै निकट भविष्यमा नै सो प्रतियोगिताको बारेमा जानकारी गराइने एन्फाले जनाएको छ । 'नेपाली राष्ट्रिय महिला टोलीलाई चाँडै नै अर्को अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागी गराउन एन्फा तत्पर रहेको र निकट भविष्यमा नै सो प्रतियोगिताको बारेमा जानकारी गराइनेछ ।'

# गुल्मीको रिडीमा ब्याडमिन्टन कभर्डहल

**काठमाडौं (प्रस) –** राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङले गुल्मीको रुरु क्षेत्र गाउँपालिकास्थित रिडीमा बनेको ब्याडमिन्टन कभर्डहल तथा सभा हलको एक कार्यक्रमबीच शनिबार उद्घाटन गरे ।

२०८० साल पुस ५ गते निर्माण कार्य सुरु भएको कभर्डलको निर्माण कार्य २०८१ साल जेठ ५ गते सम्पन्न भएको थियो । कभर्डहल निर्माणका लागि गुल्मीका ८४ वर्षीय गुरूप्रसाद ज्ञवालीको अध्यक्षतामा निर्माणाधीन रुरु कभर्डहल उपभोक्ता समिति गठन गरिएको थियो ।

हलमा २ कोर्ट रहेको छ । जम्मा १ करोड २४ लाख लागतमा निर्माण सम्पन्न भएको कभर्डहलका लागि राखेपले ९० लाख रूपैयाँ सहयोग गरेको थियो ।

# भेट्रान एथलेटिक्समा धर्म र पुष्पलाई स्वर्ण




■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाली भेट्रान धावक धर्म महर्जन र पुष्पलाल श्रेष्ठले अन्तर्राष्ट्रिय खुला भेट्रान एथलेटिक्स प्रतियोगितामा शनिबार स्वर्ण जितेका छन् ।

बंगलादेशको ढाकामा भएको प्रतियोगितामा धर्मले ५० वर्षमाथि १० हजार मिटर दौडमा स्वर्ण जितेको टोली नेतृत्व गरेका बुद्धवीर लामाले जनाएका छन् । प्रतियोगितामा धर्मको यो व्यक्तिगत दोश्रो स्वर्ण हो । यसअघि धर्मले ५ हजार मिटर दौडमा पनि स्वर्ण जितेका थिए ।

पुष्पलालले पनि १० हजार मिटर दौडमै ६५ वर्षमाथि उमेरसमूहमा पहिलो स्थान हात पारे । सोही दूरीको ४० वर्षमाथि लाक्पा शेर्पा लामा पाँचौं स्थानमा रहे । प्रतियोगितामा नेपालबाट ६ जना भेट्रान धावकले प्रतिस्पर्धा गरेका थिए । नेपालले ५ स्वर्ण, १ रजत र १ कांस्य पदक जित्यो ।

यसअघि ६५ वर्षमाथि ५ हजार मिटर दौडमा गीतकार समेत रहेका बुद्धवीर लामा स्वर्ण तथा रैवत दाहालले ५० वर्षमाथि १ हजार ५ सय मिटर दौडमा स्वर्ण र १ हजार ५ सय मिटर दौडमा रजत जितेका थिए । ५५ वर्षमाथि ५ हजार मिटर दौडमा दीपककुमार रन्जितले कांस्य हात पारे । टोली मंगलबार स्वदेश फर्किदैछ ।



दक्षिणी स्वीडेनको मालमोको भास्ट्रा ह्याम्नेनमा तातो गर्मीको दिन पौडी खेलेर आनन्द लिइरहेका मानिसहरू । *तस्बिरः एएफपी*

# बहसमा भएको क्षतिलाई सुधार्ने प्रयासमा बाइडेन




**रेली (संयुक्त राज्य अमेरिका)–** अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्धको बहसका क्रममा भएको कमजोर प्रदर्शनको भरपाई गर्ने प्रयास गर्दै जो बाइडेनले आफू नै नोभेम्बरमा हुने अमेरिकी राष्ट्रपतीय चुनाव जित्ने सही व्यक्ति भएको दाबी गरेका छन् ।

नर्थ क्यारोलिना राज्यमा चुनावी र्‍यालीमा राष्ट्रपति बाइडेनको कडा भनाइ देशको सबैभन्दा प्रभावशाली पत्रिकाले उनलाई पद त्याग्न आग्रह गर्नुभन्दा केही समयअघि नै र डेमोक्र्याटिक पार्टीमा ८१ वर्षीय उनलाई आफ्नो उम्मेदवारको रूपमा प्रतिस्थापन गर्ने विषयमा चिन्ता व्यक्त भइरहेका बेला आएको हो । 'म पहिलेजस्तो सजिलोसँग हिँड्न सक्दिनँ । म पहिलेजस्तो सहजै बोल्न सक्दिनँ । म पहिलेजस्तो बहस गर्दिनँ,' राष्ट्रपति बाइडेनले आफ्ना समर्थकलाई असामान्यरूपमा स्वीकारोक्तिपूर्ण टिप्पणी गर्दै भने ।

'म साँचो कुरा कसरी भन्ने जान्दछु । यो काम कसरी गर्ने मलाई थाहा छ,' तालीको गडगडाहटबीच उनले भने, 'जब तपाईं ढल्नुहुन्छ फेरि उठ्नुहुन्छ ।' बाइडेनको टोली बिहीबारको बहसपछि क्षति नियन्त्रणको अवस्थामा छ । उनी अक्सर हिचकिचाएका थिए । शब्द चयनमा हडबडाएका थिए । यसले पार्टीमा उनको अर्को कार्यकाल पूरा गर्ने क्षमताको बारेमा डर बढाएको थियो । उनले आफ्नो बढ्दो उमेरको बारेमा भ्रम हटाउन र ट्रम्पलाई अभ्यस्त झूठको रूपमा पर्दाफास गर्ने आशा पार्टीले गरेको थियो ।

राष्ट्रपति बाइडेनले आफ्नो शब्दभेदी प्रतिद्वन्द्वीको सामना गर्न असफल भएका थिए । ट्रम्पले अमेरिकी अर्थव्यवस्थादेखि आप्रवासनसम्म सबै कुराको बारेमा झूठा वा भ्रामक बयानहरूको एक ठूलो चुनौतीको फेहरिस्त प्रस्तुत गरेका थिए । शुक्रबार बाइडेनले डेमोक्र्याटले टेलिभिजनमा प्रसारण भएको बहसमा भनेको कुरा सुनाउँदै भने, 'के तपाईंले हिजो राति ट्रम्पलाई देख्नुभएको थियो ? मेरो अनुमान के हो भने उनले एउटै बहसमा बोलेका सबैभन्दा धेरै झूठका लागि नयाँ रेकर्ड बनाउनुभएको छ ।' 'डोनाल्ड ट्रम्प यो देशका लागि वास्तविक खतरनाक हुनुहुन्छ । उहाँ हाम्रो स्वतन्त्रताका लागि, लोकतन्त्रका लागि खतरा हुनुहुन्छ । उहाँ शाब्दिकरूपमा अमेरिकाका लागि खडा हुने सबै चीजका लागि खतरा हुनुहुन्छ,' उनले थपे ।

ट्रम्पले भर्जिनियामा आयोजित एक र्‍यालीमा बोल्दै बाइडेनमाथि शब्दप्रहार गरेका थिए । 'यो उहाँको उमेर होइन, यो उहाँको योग्यता हो,' ट्रम्पले भने । 'आज हरेक मतदाताले आफैंलाई सोध्नुपर्ने प्रश्न राष्ट्रपति बाइडेन ९० मिनेटको बहस प्रदर्शनबाट बच्न सक्नुहुन्छ कि सक्नुहुन्न भन्ने होइन, तर के अमेरिका अझै चार वर्ष कुटिल जो बाइडेनको जीवनबाट बच्न सक्छ कि सक्दैन भन्ने हो ।'

ट्रम्पले बाइडेनको स्थानमा अर्को उम्मेदवार आउने सम्भावनालाई संकेत गर्दै भने, 'वास्तवमा, उहाँले अन्य डेमोक्र्याटभन्दा चुनावमा राम्रो प्रदर्शन गर्नुभएको छ भन्ने मलाई विश्वास लाग्दैन ।' अहिलेसम्म कुनै पनि वरिष्ठ डेमोक्र्याटिक व्यक्तित्वले सार्वजनिकरूपमा बाइडेनलाई उम्मेदवार फिर्ता लिन आग्रह गरेका छैनन्, अधिकांशले विद्यमान टिकटमा अडिग रहने पार्टीको लाइन पछ्याएका छन् । क्यालिफोर्नियाका गभर्नर गेभिन न्युसमले बहसलगत्तै भने, 'म राष्ट्रपति बाइडेनको विकल्पमा अन्य उम्मेदवारको कल्पना गरी समर्थनबाट कहिल्यै पछि हट्ने छैन ।'

टिकट परिवर्तन गर्न बाध्य पार्नु राजनीतिकरूपमा खतरनाक हुने र बाइडेनले अर्को महिना हुने पार्टी अधिवेशनअघि अर्को उम्मेदवारका लागि मार्गप्रशस्त गर्नका लागि नाम फिर्ता लिने निर्णय गर्नुपर्ने छ । राष्ट्रपति बाइडेनले प्राथमिक मतदानमा भारी मत प्राप्त गरेका छन् र सिकागोमा हुने अधिवेशनमा जाने पार्टीका तीन हजार ९०० प्रतिनिधि उनीप्रति आभारी छन् । यदि उनी बाहिर निस्कन्छन् भने प्रतिनिधिहरूको पनि प्रतिस्थापन खोज्नुपर्ने छ ।

बाइडेनका पूर्वप्रमुख बाराक ओबामाले एक्समा लेखेका छन्, 'रात्रि बहस कमजोर हुनसक्छन् । तर यो निर्वाचन अझै पनि साधारण मानिसहरूका लागि जीवनभर लडेको व्यक्ति र आफ्नो मात्र ख्याल राख्ने व्यक्तिमध्ये एकको छनोट हो ।'

बाइडेनको स्थान लिनका लागि स्वचालित होइन तर तार्किक व्यक्तित्व उपराष्ट्रपति कमला ह्यारिसले पनि आफ्नो नेताको बहसको प्रदर्शनको बचाउ गरेकी छन् । यद्यपि, नर्थ क्यारोलिनामा डेमोक्र्याटिक वफादारी र बाइडेनको अवज्ञाको प्रदर्शन न्युयोर्क टाइम्सका लागि पर्याप्त थिएन । दैनिक पत्रिकाले बाइडेनको अभियानलाई ट्रम्पले निम्त्याएको खतराको सामना गर्दै 'लापरवाह जुवा' को रूपमा आलोचना गरेको छ । समाचार कक्षबाट अलग यसको सम्पादकीय समितिले राष्ट्रपतिलाई अलग रहन आह्वान गरेको छ ।

'बाइडेनले अब गर्न सक्ने सबैभन्दा ठूलो सार्वजनिक सेवा भनेको आफू पुनःनिर्वाचनका लागि उम्मेदवारी नदिने घोषणा गर्नु हो,' सम्पादकीय समितिले भनेको छ । ट्रम्प वा अन्य डेमोक्र्याटिक नेताहरूमाथि बाजी लगाउन रुचाउने थुप्रै चुनावी समर्थकहरूले पनि बाइडेनलाई त्यागेका छन् । बहसअघि, प्लेटफर्म स्मार्केट्समा सर्तकर्ताहरूले नोभेम्बरमा बाइडेनलाई जित्ने ३५ प्रतिशत मौका दिइरहेका थिए, तर शुक्रबार यो आँकडा २० प्रतिशतभन्दा तल झरेको थियो । दोस्रो बहस सेप्टेम्बर १० मा हुने छ । *रासस/एएफपी*

---

राष्ट्रसंघीय सुरक्षा परिषद्‌को आग्रह

# सशस्त्र द्वन्द्वमा नागरिकको रक्षार्थ प्रयास बढाऊ

**संयुक्त राष्टसंघ–** सशस्त्र द्वन्द्वमा नागरिकको सुरक्षा बलियो बनाउनका लागि प्रयासहरू दोब्बर बनाउन सदस्य राष्ट्रहरूलाई आह्वान गर्दै संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्‌ले शुक्रबार एक प्रस्ताव गरेको छ ।

सशस्त्र द्वन्द्वमा बेपत्ता व्यक्तिहरूको संख्या अप्रत्यासित रूपमा बढेको रिपोर्टप्रति चिन्ता व्यक्त गर्दै परिषद्‌ले पाँच वर्षअघि स्वीकृत प्रस्तावमा तोकिएको उपायहरू अगाडि बढाएर प्रवृत्तिलाई उल्टयाउने उद्देश्यले प्रस्तावलाई सर्वसम्मतिले पारित गरेको छ । सन् २०१९ मा सुरक्षा परिषद्‌ले सशस्त्र द्वन्द्वका कारण बेपत्ता भएका व्यक्तिहरूका लागि प्रस्ताव-२४७४ पारित गरेको थियो ।

यस वर्ष सन् १९१९ को जेनेभा महासन्धि स्वीकृत भएको ७५औं वार्षिकोत्सव र 'सशस्त्र द्वन्द्वमा नागरिकको सुरक्षा' लाई विषयगत मुद्दाको रूपमा प्रगतिशील विचारको २५औं वार्षिकोत्सव भएको उल्लेख गरेको छ । यसैगरी सुरक्षा परिषद्‌ले सशस्त्र द्वन्द्वमा नागरिकको सुरक्षालाई सुदृढ पार्ने प्रयासलाई दोब्बर बनाउने परिषद् र सदस्य राष्ट्रहरूको 'स्थायी आवश्यकता' मा जोड दिएको छ ।

यसले द्वन्द्वरत पक्षलाई 'बेपत्ता रिपोर्ट गरिएका व्यक्तिको सक्रिय खोजी गरी, अवशेष फिर्ता गर्न सक्षम बनाउन, भेदभाव बिना बेपत्ता रिपोर्ट गरिएका व्यक्तिको संख्या कायम गरी खोजी पप्रक्रियामा परिवारसँग सम्पर्क राख्न तथा सशस्त्र द्वन्द्वमा बेपत्ता बच्चाहरूको मामिलामा 'अत्यधिक ध्यान' दिन आग्रह गरेको छ ।

काउन्सिलले द्वन्द्वरत पक्षलाई 'सशस्त्र द्वन्द्वको परिणामस्वरूप बेपत्ता व्यक्तिहरूको सबै सान्दर्भिक तथ्यांक र कागजात संकलन गरी सुरक्षा गर्न आग्रह गरेको छ । यसैगरी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनको पूर्ण, द्रूत, निष्पक्ष र प्रभावकारी अनुसन्धान गरी बेपत्ता व्यक्तिहरूसँग सम्बन्धित अपराधको अभियोजन सुनिश्चित गर्न राज्यहरूलाई उचित उपायहरू लिन आह्वान गरेको छ ।

प्रस्तावमा परिषद्‌ले बेपत्ताहरूको मुद्दालाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय रेडक्रस समिति र यसको सेन्ट्रल ट्रेसिङ एजेन्सीको महत्त्वपूर्ण भूमिका, शान्ति वार्ता र सम्झौतामा मानवीय तत्त्वहरू समावेश गर्न आवश्यक रहेको औंल्याउँदै मेलमिलाप र द्वन्द्व समाधान पप्रक्रियामा सत्य, न्याय र उत्तरदायित्व संयन्त्रको भूमिकामा जोड दिएको छ । *रासस/सिन्ह्वा*

---

## श्रीलंकामा खाद्यान्नको मूल्यवृद्धि

कोलम्बो- संकटग्रस्त श्रीलंकाको वार्षिक मुद्रास्फीति मे को ०.९ प्रतिशतको तुलनामा जुनमा करिब दोब्बर भई १.७ प्रतिशत पुगेको छ । श्रीलंकाले आफ्ना ऋणदातासँग १० अर्ब अमेरिकी डलरको ऋणको पुनर्संरचना गर्न सम्झौता गरेको केही दिनपछि जनगणना तथा तथ्यांक विभागको यो तथ्यांक सार्वजनिक भएको हो ।

खाद्यान्नमा अघिल्लो वर्षको जुनको तुलनामा १.०४ प्रतिशतले मूल्यवृद्धि भएको विभागले जनाएको छ । सन् २०२२ मा श्रीलंकाले आफ्नो विदेशी ऋण नतिरेपछि आर्थिक संकट उत्कर्षमा पुगेको बेला मुद्रास्फिति बढेर करिब ७० प्रतिशत पुगेको थियो । श्रीलंकाको केन्द्रीय बैंकले सन् २०२४ का लागि समग्र मुद्रास्फीति ५.० प्रतिशतभन्दा तल राख्न सक्षम हुने आशा व्यक्त गरेको छ ।

देशमा यसै वर्ष राष्ट्रपतिको निर्वाचन हुन लागेको छ र विपक्षी दलहरूले अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) को बेलआउटका सर्तहरूमा पुनः छलफल गर्ने प्रतिबद्धता जनाएका छन् । यसले गर्दा कडा मितव्ययिताका उपायहरू अपनाइएका छन् । आइएमएफले प्रतिद्वन्द्वी राजनीतिक दलहरूको वैकल्पिक प्रस्तावहरू सुन्न इच्छुक रहेको बताएको छ, तर बेलआउटमा निर्धारित महत्त्वपूर्ण सर्तहरू पालना गर्नुपर्नेमा जोड दिएको छ । रासस/एएफपी

## केन्यामा सरकार विरोधी प्रदर्शनमा ३० जनाको मृत्यु

नैरोबी (केन्या)- केन्यामा पूर्वी अफ्रिकी देशमा कर पर्याप्त मात्रामा बढाउने सरकारी अभियानको विरोधमा यस हप्ता भएको विरोध प्रदर्शनमा ३० जनाको मृत्यु भएको ह्युमन राइट्स वाचले शनिबार बताएको छ ।

केन्याली सुरक्षा बलले सन् २०२४ जुन २५ मा प्रदर्शनकारीहरूको भीडमा सीधै गोली हानेका र यसमा भागिरहेका प्रदर्शनकारीको पनि मृत्यु भएको अधिकारवादी समूहद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

ह्युमन राइट्स वाचका सहयोगी अफ्रिका निर्देशक ओत्सिनो नाम्वायाले प्रदर्शनकारी भाग्न खोज्दा औचित्य बिना भीडमा सीधै गोली चलाउनु केन्या र अन्तर्राष्ट्रिय कानुनअन्तर्गत पूर्णरूपमा अस्वीकार्य भएको जनाएका छन् । रासस/एएफपी

---

# पानामा पेपर्स मुद्दामा २८ प्रतिवादीलाई सफाइ

**पानामा सिटी–** पानामाको एक अदालतले 'पानामा पेपर्स' अन्तर्राष्ट्रिय कर छली काण्डको केन्द्रबिन्दु रहेको कानुनी संस्था (ल फर्म) मोसाक फोन्सेकामा सम्पत्ति शुद्धीकरण (मनी लाउन्ड्रिङ)को आरोप लागेका २८ जनालाई शुक्रबार सफाइ दिएको छ ।

सफाइ पाउनेमा कम्पनीका संस्थापक जर्गेन मोसाक र रेमन फोन्सेका पनि रहेका छन् । रेमनको मे महिनामा पानामाको एक अस्पतालमा मृत्यु भइसकेको छ । गत अप्रिलमा पानामा सिटीमा भएको सुनुवाइका क्रममा अभियोजन पक्षले दुवैलाई १२ वर्षको जेल सजाय माग गरेको थियो ।

न्यायाधीश बालोइसा मार्क्विनेजले कानुनी ल फर्मको सर्भरबाट लिइएको प्रमाण पप्रक्रियाअनुसार संकलन नगरिएको पाइएपछि उक्त जोडी र अन्य २६ जनालाई सफाइ दिएका छन् । 'बाँकी प्रमाणहरू प्रतिवादीहरूको आपराधिक जिम्मेवारी निर्धारण गर्न पर्याप्त र निर्णायक नभएको' फैसला न्यायाधीशबाट भएको अदालतद्वारा जारी विज्ञप्तिमा उल्लेख छ ।

सन् २०१६ मा मोसाक फोन्सेकाबाट चुहावट भएका कागजातहरूले विश्वका कति धनाढ्यहरूले अफशोर कम्पनीहरूमा सम्पत्ति लुकाएका थिए भन्ने खुलासा गरेको थियो । बेलायतका पूर्वप्रधानमन्त्री डेभिड क्यामरून, रूसी राष्ट्रपति भ्लादिमिर पुटिन, फुटबल स्टार लियोनल मेस्सी, अर्जेन्टिनाका तत्कालीन राष्ट्रपति माउरिसियो म्याँक्री र स्पेनी फिल्म निर्माता पेड्रो अल्मोडोभरलगायतलाई पनि मुद्दा चलाइएको थियो ।




पनामाका अभियोजकहरूले मोसाक र फोन्सेकाले अपारदर्शी कम्पनीहरू सिर्जना गर्न मद्दत गरेको आरोप लगाएका थिए । कम्पनीमा जर्मन बहुराष्ट्रिय सिमेन्सका अधिकारीहरूले कम्पनीको आधिकारिक खाताभन्दा बाहिर लाखौं युरो जम्मा गरेका थिए । उनीहरूमाथि अर्जेन्टिनामा भएको ठूलो ठगीबाट पैसा झिक्न सहयोग गरेको आरोप पनि लगाइएको थियो ।

मोसाक र अन्य प्रतिवादीका वकिल गुइलेर्मिना म्याकडोनाल्डले एएफपीसँग भने, 'न्याय भएको छ, हामी न्यायाधीशको फैसलाबाट अत्यन्त सन्तुष्ट छौं । तर, हामी अलि दुःखी छौं सुनुवाइका क्रममा हामीले रेमन फोन्सेकालाई गुमाएका छौं र उहाँले यो नतिजा देख्न सक्नुभएन । यसप्रति हामी दुःखी छौं ।'

'इन्टरनेसनल कन्सोर्टियम अफ इन्भेस्टिगेटिभ जर्नलिस्ट्स (आइसिआइजे)' ले सन् २०१६ को अप्रिल ३ मा 'पानामा पेपर्स' प्रकाशन सुरु गरेको आठ वर्षपछि यो मुद्दाको सुनुवाइ सुरु भएको हो । मोसेक फोन्सेकाबाट एक करोड १५ लाख भएका कागजातमा आधारित यो अनुसन्धानले विश्वभरका व्यक्तित्वहरूले कर छल्न वा सम्पत्ति शुद्धीकरण गर्न सम्पत्ति, कम्पनी, सम्पत्ति र मुनाफा कसरी लुकाएको छन् भन्ने खुलासा गरेको छ । अनुसन्धानअनुसार, यसका लागि उनीहरूले केही अवस्थामा अवैध गतिविधिहरूबाट आएको फर्ममार्फत कम्पनीहरू सिर्जना गरेको, बैंक खाता खोलेको र पैसा लुकाउन धेरै देशहरूमा उपशाखा (फाउन्डेसन) हरू सिर्जना गरेको देखिएको छ ।

यस काण्डले मोसाक फोन्सेकालाई बन्द गरायो र पानामाको अन्तर्राष्ट्रिय छविलाई अपतटीय कर छलिका रूपमा व्याख्या गरिएको थियो । अपतटीय कम्पनीहरू आफैंमा अवैध छैनन्, र तिनीहरूलाई प्रयोग गर्नका लागि धेरै वैध कारणहरू छन् । तर तिनीहरूलाई आपराधिक गतिविधिबाट प्राप्त आयलाई शुद्धीकरण गर्न वा दुरूपयोग वा राजनीतिक रूपमा असुविधाजनक सम्पत्ति लुकाउन पनि प्रयोग गर्न सकिन्छ । 'वास्तवमा त्यहाँ ठूलो अन्याय भएको छ,' मोसाकले सुनवाइको समापनपछि भने, 'मेरो साथी र मसँग काम गर्ने सबै व्यक्ति गम्भीर, इमानदार र सही थिए ।' *रासस/एएफपी*


## वर्गीकृत विज्ञापन सङ्‌कलन काउन्टर

**पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६ । ज्ञानज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।**

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – १४१८०० | प्रति तोला – १४११०० | प्रति तोला – १७९० |

# बेरुजु फस्र्योट गर्न तदारुकता देखाइनुपर्छ : सभामुख घिमिरे

■ प्रभाव संवाददाता



**काठमाडौं–** संघीय संसद् प्रतिनिधिसभाका सभामुख देवराज घिमिरे सरकारी बेरुजु बढ्दै जानु चिन्ताको विषय रहेको बताएका छन् । महालेखापरीक्षकको कार्यालयको ६६औँ वार्षिकोत्सव कार्यक्रममा उनले बेरुजु बढिरहेका विषयलाई सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीले गम्भीर रूपमा लिनुपर्छ भने ।

'प्रत्येक वर्ष बेरुजुको अंक बढ्दो रूपमा रहेको छ । सार्वजनिक निकायका जिम्मेवार पदाधिकारीले यसलाई गम्भीर रूपमा लिनुपर्छ । सकभर बेरुजु हुनै नपाउनेगरी काम गर्नुपर्छ र हालसम्मको बेरुजुलाई समयमा नै फस्र्योट गर्न सबै निकायबाट तदारुकता देखाइनुपर्छ', सभामुख घिमिरेले भने, 'बेरुजु घटाउन महालेखापरीक्षक कार्यालयको प्रतिवेदनमार्फत दिइएका सुझाव कार्यान्वयनगरी आर्थिक अनुशासन पालना र जवाफदेहिता कायम गर्न आग्रह गर्दछु ।' स्थानीय तहमा लेखासमितिको काम प्रभावकारी हुन नसकेको पनि उनले बताए । बेरुजु हुनै नदिने र हालसम्म कायम बेरुजुको फस्र्योटलाई तीव्रता दिन पर्याप्त जनशक्ति व्यवस्थापनसँगै सम्बन्धित निकायका प्रमुख तथा लेखा उत्तरदायी अधिकारीले जिम्मेवारी बोध गर्नुपर्ने उनको भनाइ छ । संविधानले तोकेको जिम्मेवारी गम्भीरताका साथ पूरा महालेखापरीक्षकको कार्यालयलाई समेत उनले आग्रह गरे ।

तीनवटै तहका सरकारी निकायको आर्थिक वर्ष २०७९/८० को लेखापरीक्षणमा आधारित महालेखापरीक्षक कार्यालयको ६१औँ प्रतिवेदनअनुसार हालसम्मको बेरुजु रु ११ खर्ब ८३ अर्ब २६ करोड रहेको छ । गत आर्थिक वर्ष २०७९/८० मा मात्रै अद्यावधिक बेरुजु रु ९५ अर्ब ६० करोड २१ लाख र कारबाही टुंगो लगाउनुपर्ने लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्नेलगायत रकम रु एक खर्ब ४० अर्ब ९५ करोड ३० लाख बराबर पुगेको छ । अर्थात् गत आर्थिक वर्षमा मात्र रु दुई खर्ब ३६ अर्ब ५५ करोड ५१ लाख बराबर बेरुजु थपिएको छ । गत आर्थिक वर्षमा महालेखाले तीनवटै तहका पाँच हजार छ सय पाँच वटा निकायको कूल रु ७८ खर्ब ८१ अर्ब ८० करोड बराबर लेखापरीक्षण भएको थियो ।

कार्यक्रममा संघीय संसद्, सार्वजनिक लेखा समितिका सभापति ऋषिकेश पोखरेल आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गर्न लेखा परीक्षकको कार्यालयले महत्वपूर्ण भूमिका खेलेको जनाउनुहुँदै कार्यालयको काम थप प्रभावकारी रूपमा अघि बढ्न सक्नुपर्छ भने ।

'तीनवटै तहका सरकाराबीच समन्वयकारी भूमिका खेल्नसक्ने निकायका रूपमा पनि महालेखापरीक्षकको कार्यालय रहेको छ । अब हामी निरन्तरतामा रम्ने होइन, यसलाई बदल्नुपर्छ । परिवर्तित कार्यशैलीले मात्रै प्रभावकारी नतिजा देखाउन सक्छ', सभापति पोखरेलले भने, 'यो संस्थालाई थप स्वायत्त बनाइनुपर्ने र संघीय संरचनाअनुसार आफ्ना काम कारबाही अगाडि बढाउनेगरी लैजानुपर्छ ।' महालेखापरीक्षकको कार्यालयले वार्षिक प्रतिवेदनमार्फत मात्रै सरकारलाई सुझाव दिने नभई आवश्यकताअनुसार अन्यबेला पनि प्रतिवेदन तयार गर्न सक्नुपर्ने र सार्वजनिक पदको पनि छानबिन गर्नसक्नुपर्ने उनको भनाइ छ ।

महालेखापरीक्षकको प्रतिवेदन लामो समयदेखि संसदीय समितिमा छलफल हुन नसकेको सभापति पोखरलेलले बताए । सार्वजनिक लेखा समितिमा अहिले साठीऔँ प्रतिवेदन माथि छलफल भइरहेको उल्लेख गर्नुहुँदै उनले प्रतिवेदनमाथि समितिमा छलफलमा ढिलाइ हुँदा सुझाव कार्यान्वयन गर्न ढिला हुने र प्रतिवेदनका सुझावको औचित्यसमेत सकिने उनको भनाइ छ । अहिले सार्वजनिक निकायका कर्मचारी बेरुजु कायम गर्नेलाई दण्डित गर्नुको साटो भएको बेरुजु कसरी फस्र्योट गर्ने भन्नेतर्फ बढी केन्द्रित हुने गरेको उनले बताए । बेरुजु हुनै नदिने र बेरुजु बढेमा सम्बन्धित लेखा उत्तरदायी अधिकारीलाई जिम्मेवार बनाइनुपर्ने पोखरेलको भनाइ छ ।

महालेखापरीक्षक तोयम रायाले आगामी दिनमा लेखापरीक्षण प्रणालीलाई थप परिस्कृत र प्रभावकारी बनाउँदै लगिने छ भने । महालेखापरीक्षकको कार्यालयले आफ्नो प्रतिवेदनमार्फत औँल्याएका समस्या समाधानका लागि संसद् र संसदीय समितिको महत्वपूर्ण भूमिका रहने उनको भनाइ छ । महालेखापरीक्षक रायाले तीनवटै तहअन्तर्गतका सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी लेखापरीक्षण हुने गरेको छ भने । वार्षिकोत्सवका अवसरमा उत्कृष्ट हुने कर्मचारीलाई पुरस्कृत गरिएको छ ।




# बुद्ध एयरले भित्र्यायो एटिआर जहाज



■ प्रभाव संवाददाता

**काठमाडौं–** निजी क्षेत्रको हवाई सेवा प्रदायक कम्पनी बुद्ध एयरले १८औँ एटीआर-७२ जहाज भित्र्याएको छ । योसँगै बुद्ध एयरसँग एटीआर-७२ विमानको संख्या १५ पुगेको छ ।

कम्पनीले कल साइन नाइन एन-एएनजेड विमान फ्रान्सबाट ल्याएको हो । आवश्यक कानुनी प्रक्रिया पूरा गरेर जहाज आगमी साउन १ गतेदेखि व्यावसायिक उडानमा ल्याइने बुद्ध एयरका बजार निर्देशक रूपेश जोशीले जानकारी दिए । उनका अनुसार साउनदेखि सुर्खेत र धनगढीमा अतिरिक्त उडानसँगै अरु गन्तव्यमा पनि विस्तार गरिनेछ ।

बुद्ध एयरसँग १५ थान एयरसँग एटीआर-७२ र तीन थान एटीआर ४२ जहाज रहेका छन् । हवाई उडानलाई सहज र सरल बनाउने प्रतिबद्धता अनुरूप बुद्ध एयरले आफ्नो बेडमा नयाँ जहाज थप गरेको हो ।

बुद्ध एयरका बजार निर्देशक जोशीले सहज भाडासँगै उडान संख्या उल्लेख्य वृद्धि भई यात्रुको उडान सुविधालाई मध्यनजर गर्दै उडान तालिकालाई प्रभावकारी रूपमा सञ्चालन गरिने विश्वास व्यक्त गरे ।

बुद्ध एयरले अहिले आन्तरिकतर्फ एक सय ५० भन्दा बढी उडान भरिरहेको छ । अन्तर्राष्ट्रियतर्फ काठमाडौँबाट भारतको वाराणसीका लागि उडान भर्दैआएको छ । कम्पनीले पोखरा, चितवन, भैरहवा तथा नेपालगञ्जबाट पनि उडान भर्दै आएको छ ।

## हावाहुरीबाट जोगिने उपायहरू

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाँधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।

**हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पूर्ण एजेन्सी तथा विज्ञापनदाताहरूमा हार्दिक अनुरोध

यस प्रभाव दैनिक प्रालिद्वारा प्रकाशित प्रभाव राष्ट्रिय दैनिकसँग कारोबार गर्दै आउनुभएका सम्पूर्ण एजेन्सी, विज्ञापनदाता तथा संघसंस्थाहरूलाई आव ०८०/०८१ को बक्यौता रकम २०८१ असार २५ गतेभित्र भुक्तानी गरी हरहिसाब मिलान गर्नहुन सादर अनुरोध गर्दछौं । साथै सम्पूर्ण विज्ञापनदाता एजेन्सीहरु सहकार्यका लागि हार्दिक कृतज्ञता व्यक्त गर्दै आगामी दिनमा अझै प्रगाढ र सुमधुर सम्बन्ध रहने कामना व्यक्त गर्दछौं ।

लेखा शाखा
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल-७, काठमाडौं, नेपाल
फोनः ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००
Email: marketing2prabhab@gmail.com

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन पा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ